संघर्ष, स्वाभिमान र स्वावलम्बन

# सहारा टाइम्स

SAHARA TIMES NATIONAL FORTNIGHTLY

राष्ट्रिय पाक्षिक

www.saharatimes.com.np

● वर्ष १६, ● पूर्णाङ्क ३३१, ●अंक १ ● २०८१ साल भदौ १६-३१ गते (1 September, 16 September, 2024) ● मूल्य रु. १०

## प्रकाशकीय

### १५ वर्षदेखि निरन्तर

सहारा टाइम्सले १५ वर्षको यात्रा पुरा गरेको छ । २०६५ भदौं १६ गते एउटा भाषा आन्दोलनका लागि जन्मेको यो सहारा टाइम्स प्रत्येक दिन, प्रत्येक अंक एउटा आन्दोलन नै गरिरहेको हुन्छ । मधेशी, आदिवासी जनजाति, महिला, मुस्लिम, पिछडिएका समुदायको पक्षमा यसले कति आन्दोलन गर्न सक्यो, त्यसको मूल्यांकन गर्ने जिम्मेवारी तपाईहरुको हो । तपाईहरुले देखाएको मायाको कारण १५ वर्षको यात्रा पुरा गर्न सफल भएको हो । तर यात्रा सजिलो थिएन । अनेक अवरोध र बाधाहरुको सामना गर्नुपर्‍यो ।

तैपनि हामी आत्तिएनौं । तपाईहरु साथमा हुनुहुन्छ भनेर जस्तोसुकै अप्ठ्यारोलाई पार गरी यहाँसम्म आइपुगेका छौं । अबको अगामी यात्रामा पनि तपाईहरुको साथ चाहिन्छ । किनभने हामीलाई थाह छ अगामी यात्रा यो भन्दा पनि कठिन हुनेछ । त्यो कठिन यात्रामा तपाईहरुको सशक्त साथ चाहिन्छ । तपाईहरुको साथ र सहयोगले नै अगामी यात्रापनि सफल हुनेछ । यो सहारा टाइम्स एउटा व्यपार होइन, मिसन हो । हामी व्यवसायिक पत्रकारिता भन्दा पनि मिसन पत्रकारितामा विश्वास गर्छौं । यो पत्रिका प्रकाशन गर्दा व्यवसायिक रुपमा घाटामा छ । यसको आर्थिक स्रोत बलियो र भरपर्दो छैन । तैपनि कमजोर समाज, पिछडिएको समुदायका लागि बोल्न छाडेको छैन । उसको अधिकार र पहिचानका लागि संघर्ष गर्न छाडेको छैन । आउने दिनमा हामीले त्यसैलाई निरन्तरता दिन्छौं । बस तपाईको साथ चाहिन्छ ।

यो यात्राको क्रममा हामीबाट केही भुल वा त्रुटी भएको छ भने त्यसलाई आफ्नो सम्झेर माफ गर्दिनु हुन्छ भनि हामीलाई विश्वास छ । यो १५ वर्षको यात्रामा हामीलाई साथ र सहयोग दिएकोमा सम्पूर्ण पाठक, विज्ञापनदाता, सहयोगीमा हार्दिक धन्यवाद ।




यो दुई हप्ता सबभन्दा बढी चर्चाको विषय परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाको भारत भ्रमण रह्यो । परराष्ट्रमन्त्रीहरुको विदेश भ्रमण मामुली कुरा हो । दुई देश बिचको सम्बन्ध बनाउनका लागि परराष्ट्रमन्त्री तथा परराष्ट्रमन्त्रालयका अन्य अधिकारीहरु विदेश भ्रमणमा गइरहनु पर्छ । परराष्ट्रमन्त्री आरजु भारत भ्रमणमा जानु भयो त्यो कुनै नौलो कुरा होइन । यसअघि पनि उहाँ पटक पटक भारत नीजि भ्रमणमा गइरहनु हुन्थ्यो । भारत आउजाउ भइरहन्थ्यो । तर यसपटक परराष्ट्रमन्त्रीको रुपमा आरजुको भ्रमण विशेष रह्यो मात्र होइन प्रधानमन्त्री केपी शर्मा ओलीको भारत भ्रमणमा समते लगाई ब्रेक लगाई दियो ।

खासमा परराष्ट्रमन्त्री आरजु उपचारका लागि भारत जानु भएको थियो । उपचारका लागि भारत जाने भनि कार्यतालिका मन्त्री हुनुभन्दा पहिला नै तय भएको थियो । स्वास्थ्यको नियमित चेक जाँचका क्रममा उहाँ भारत जानै पर्थ्यो चाहे मन्त्री भएको होस् नभएको होस् । तर मन्त्री भएर त्यसमा पनि परराष्ट्रमन्त्रीको रुपमा त्यतिकै भारत जानुभन्दा निमन्त्रणामा जाँदा त्यसको महत्व रहन्छ भनि उहाँले भारतबाट निमन्त्रणा मगाएर आफ्नो उपचारको भ्रमणलाई विशेष बनाउनु भयो ।

बाँकी पृष्ठ १२ मा

# आरजुबाट ओली भयभित

## अभिमत

## सम्पादकीय

# कमला पुलमा राजनीति

धनुषा-सिरहा जोड्ने हुलाकी राजमार्गको कमला पुल विस्तारै इतिहास बन्दैछ । तराई मधेशको ‘लाइफलाइन’ मानिएको कमला पुल निर्माणका लागि पटक पटक आन्दोलन भयो, संघर्ष भयो तर अहिलेसम्म त्यसले पूर्णता पाएन । २०६८ मा कमला पुल निर्माणका लागि शिलान्यास हुँदा त्यो भेगका जनतामा खुशीको सञ्चार भएको थियो । अब सिरहा, सप्तरीबासीका लागि जनकपुर नजिक हुने भयो । चाहिएको बेलामा दर्शन गर्न पाइन्छ । विजनेश व्यपार पनि गर्न पाइन्छ भनि अनेक सपना पुरा हुने कल्पना त्यहाँका जनताले गरेका थिए । अर्थात त्यो पुल बनेपछि त्यो वरपरका जनताको जीवनशैलीमा नै परिवर्तन आउने देखिएको थियो ।

शिल्यानाशपछि निर्माणको काम सुरु त भयो तर त्यसमा पनि अनेक झमेला भयो । कहिले बन्ने, कहिले बन्द हुने भइ रह्यो । त्यो बिचमा कम्पनी पनि परिवर्तन भयो । पुल निर्माण चाँडै होस् भनि सिरहाका जनताले पटक पटक दबाव पनि दिएका थिए । त्यसमा रामरिझन यादवको विशेष योगदान थियो । उहाँले नै त्यस वरपरका जनतालाई पुलका लागि जगाउने काम गर्नुभयो । तैपनि ढिलासुस्ती भइरहेको थियो । काम गुणस्तर भइरहेको छैन भनि त्यतिबेला पनि सिरहाका युवाले आवाज उठाएका थिए । २०७१ मै त्यो पुल निर्माण भइसक्नु पर्ने थियो । तर १० वर्ष लाग्यो । ढिलो भए पनि पुल निर्माण भयो । धनुषा-सिरहाका जनतामा मात्र होइन हुलाकी सडक वरपरका जनता निकै खुशी थिए । राणा कालदेखि नै त्यस क्षेत्रका जनताले पुलका लागि विभिन्न आश्वासन पाइ रहेका थिए । पुल निर्माणका लागि अनेक सपना बाँडिएको थियो । त्यो पुलको नाममा कसैले राजनीतिको रोटी सेके भने कसैले व्यवसाय र कमिशनको रोटी सके । त्यस कारणले पुल निर्माण भइरहेको थिएन । पुल निर्माणका लागि पटक पटक आन्दोलन भए । पुल निर्माण त भयो । जनता खुशी थिए तर त्यो खुशी धेरै दिनसम्म टिक्न सकेन । २०७८ असारमा कमला नदीमा आएको समान्य बाढीले पुल भासियो । त्यो पुल मात्र भासिएन त्यहाँका जनताको मन पनि भासियो । एकदिन अगाडीसम्म खुशी रहेका जनता निराश भए । वर्षौंदेखि विभिन्न सपना साँचेर बसेका जनतामा निराशाका लहर सञ्चार भयो । सबै सपना भाँचियो ।

पुल निर्माण कम्पनीले त्यसलाई पुनः निर्माण गर्ने भनि कबोल गर्‍यो । जनताको दबावमा तत्कालै काम पनि सुरु भयो । तर त्यो जनतालाई भुलाउन काम मात्र थियो भनि अहिले आएर पुष्टि भयो । कहिले के जाँच त कहिले के जाँच भनि कम्पनीले जनतालाई भुलाइ रह्यो । त्यो बाटो भएर हिड्नेले त त्यहाँ काम भइरहेको छ भनि बुझिरहेका थिए । कम्पनीले कहिले एक महिनामा काम सकिन्छ कहिले दुई महिनामा सकिन्छ भनि भाकाहरु दिइरह्यो । पुल चाँडो पुननिर्माणका लागि जनताले दबाव पनि दिइ रहेको थियो । त्यो दबाव केन्द्रसम्म पर्थ्यो । केन्द्रीय मन्त्रीहरु पनि त्यसको अनुगमन गर्न आउथे । मन्त्रीहरुले पनि काम हुँदैछ चाँडै पुर्णता पाउने आश्वासन आउँथ्यो । तर ती सबै भुलाउन चाल मात्र थियो भनि अहिले आएर खुलेको छ ।

त्यत्रो दिन काम भएको देखिएको थियो तर कुनै काम भएको छैन । कोही काम भएको छैन । अहिले त्यो कम्पनीले बिमा रकम नपाएको कारण पुननिर्माणको काम गर्न नसकिने भनि जवाफ दिएको छ । सिरहाका युवाहरु आन्दोलित भए । पटक पटक आन्दोलन भए । मधेश प्रदेशका मुख्यमन्त्री कार्यालय अगाडी भदौं ४ गतेदेखि बसेको आमरण अनसनपछि त्यहाँका सरकारले नयाँ पुल बनाउने सहमति गरेको छ । आमरण अनुसनको अन्त्य त भयो तर त्यहाँ पुल निर्माण हुन्छ भन्ने कुरामा कसैलाई विश्वास छैन । तराई मधेशका लागि त्यो पुल लाइफलाइन भए जस्तै ठूला प्रोजेक्ट भएको कारण त्यसमा धेरैको आँखा छ । राज्य पनि कमला पुल बनाउनमा सकारात्मक छैन । तर मधेशका जनताले अझै आशा मारेको छैन । पुलका लागि जस्तोसुकै संघर्ष गर्न तयार छ किनभने तराई मधेशको भविष्यसँग त्यो पुल जोडिएको छ । त्यो पुल बनेन भने हुलाकी सडकको कुनै अर्थ रहदैन । संघीय सरकारले त्यो पुलका लागि ध्यान नदिए पनि मधेश सरकारले पनि सबै काम छाडेर त्यो पुल बनाई दियो भने मधेश सरकारका लागि धेरै ठूलो उपलब्धी हुनेछ र मधेशका जनताले जयजयकार गर्नेछ ।

## तथ्यांक आफै बोल्छ

किसान सूचिकरणको प्रदेशगत विवरण

| क्र.सं. | प्रदेश | जम्मा सूचिकृत कृषक Total Registered farmers |
|---|---|---|
| 1 | कोशी प्रदेश | ४०१८८६ |
| 2 | मधेश प्रदेश | ३१६९५० |
| 3 | बागमती प्रदेश | २९३०९१ |
| 4 | गण्डकी प्रदेश | १९४६८४ |
| 5 | लुम्बिनी प्रदेश | ३३६४२१ |
| 6 | कर्णाली प्रदेश | १८०६३७ |
| 7 | सुदुरपश्चिम प्रदेश | २००३३३ |
| | जम्मा | **१९२४००२** |

## पाठक पत्र

saharatimes.com.np@gmail.com




### अनुभवी मुख्यमन्त्रीको अभाव

मधेश प्रदेशमा मुख्यमन्त्री कहिले राम्रो चयन भएन । स्थानीय तथा वडामा राजनीति गर्नेलाई प्रदेशको जिम्मेवारी दिएपछि हालत हुने यस्तै हो । सुरुमा उपेन्द्र यादवले पनि गल्ती गर्नुभयो र अहिले डा.सिके राउतले पनि त्यही गल्ती दोहोर्‍याइ रहनु भएको छ । मधेश प्रदेश अनुभवी र देश विदेश नबुझेका नेताको हातमा गयो । काँग्रेस, एमाले, माओवादीहरुले जहिले पनि अरु प्रदेशमा जहिले अनुभवी र राजनीतिमा खारिएका व्यक्तिलाई मुख्यमन्त्री बनाए तर मधेश प्रदेशले त्यो कुरामा कहिले ध्यान दिएन । मधेश प्रदेशमा उपेन्द्र यादव, महन्थ ठाकुर, राजेन्द्र महतो, उमेश यादव, महेन्द्रराय यादव, सिके राउत, राजकिशोर यादव, लक्ष्मणलाल कर्ण, रघुवीर महासेठ, प्रभु साह, जितेन्द्र सोनल, विमलेन्द्र निधि, मातृका यादव, अनिल झा, शरतसिंह भण्डारी, रामकुमार शर्मा, मनिष समुन जस्ता नेताहरु मुख्यमन्त्री बन्नुपर्थ्यो ।

मधेश प्रदेश जहिले पनि नयाँ नेताको हातमा गयो । देशका राजनीति समेत नबुझेका, देशका उच्च तहमा सम्पर्क नभए, देश तथा विदेशका राजनीति तथा अर्थ व्यवस्था नबुझेका हातमा नेतृत्व गएको कारण मधेशको यो हालत भएको हो । लालाबाबु राउत पढे लेखेका हुन् तर उहाँसँग राजनीति अनुभव थिएन । उपेन्द्र यादवको छत्रछायाँमा रहेर उहाँ नेता बन्नुभएको हो । उहाँ सधैं मास्टरीको काम गर्नुभयो । प्रदेश चलाउने क्षमता उहाँसँग थिएन । को हुन् लालबाबु कसैले चिन्दैन्थे । त्यस्तै अवस्था सरोज यादवको पनि भयो । उहाँ नेपाल सद्भावना पार्टीमा लामो सयमदेखि काम गरेपनि उहाँ जहिले लो प्रोफाइलमा रहनुभयो । देश तथा विदेशको राजनीतिमा कहिले पनि चासो लिनुभएन । उहाँ जनतामा राजनीतिक पकडका भन्दा पनि बाप दादाको विरासत र पैसाको बलमा चुनाव जित्दै आउनु भएको हो । उहाँमा लालबाबु जतिको पनि राजनीति अनुभव छैन ।

अहिलेको सतिशकुमार सिंह त सबैभन्दा गए गुज्रेका हुनुहुन्छ । उहाँ स्थानीयत तहमा एकपटक चुनाव जित्नुभयो तर राम्रोसँग चलाउन सक्नुभएन त्यही कारणले अर्कोपटक चुनाव हार्नुभयो । उहाँलाई स्थानीय तहको चुनावमा असफल व्यक्ति मानिन्छ तर सिके राउतको नाममा उहाँ प्रदेश सभा चुनाव जित्नुभयो । र सिके राउतकै कृपाले उहाँ मुख्यमन्त्री बन्नुभयो । मुख्यमन्त्री भएर प्रदेश चलाउनु एउटा गाउँपालिका वा वडा चलाउनु जस्तो होइन । उसले देश, विदेशको राजनीति बुझेको हुनुपर्छ । संघमा आफ्नो पहिचान बनाएको हुनुपर्छ । मुलधारको मिडियामा आफ्नो पहिचान बनाएको हुनुपर्छ त्यसमध्ये एउटा पनि गुण सतिश सिंहमा छैन । कसैको कृपामा मुख्यमन्त्री बनेपछि जीवनभर उसैको कृपामा बाँच्नुपर्छ । यस सहारा टाइम्समा निगरानीमा मुख्यमन्त्री भनि समाचार पढे । सबै सही कुरा लेखिएका छन् । आउने दिनमा सतिशकुमार सिंह पनि असफल मुख्यमन्त्रीको रुपमा दर्ज हुनेछ ।

*राजेशकुमार सिंह, rajesh_singh2022@gmail.com*

### छैन कुनै उकुस मुकुस

जयराम यादवको अन्तरवर्ता ‘मधेश विद्रोहका लागि जनतामा उकुस मुकुस भनि पढे । अब जयराम यादव वा उपेन्द्र यादवले भन्दैमा मधेशमा आन्दोलन हुँदैन । मधेश आन्दोलन गरेर सैयौ मधेशको ज्यान लिएर त्यसको लाशमाथि राजनीति गरे । त्यही लाशमाथि टेकेर पटक पटक सत्तामा गए सडकबाट महलमा पुगे तर जुन मधेशी जनताले आन्दोलन गरेका थिए त्यसको अवस्था अहिलेसम्म जस्ताको त्यस्तै छ । अब आन्दोलन राज्यको विरुद्ध होइन, अब महन्थ ठाकुर, उपेन्द्र यादव, राजेन्द्र महतोविरुद्ध आन्दोलन गर्न मधेश जनतामा उकुस मुकुस छ । मधेश आन्दोलनपछि मधेशी जनताले के पाए त्यसको हिसाब पहिला ती नेताहरुले दिनुपर्छ अनि मात्र अर्को आन्दोलनको कुरा गर्नुपर्छ । जयरामले भने जस्तो मधेशमा कही कुनै उकुस मुकुस छैन । मधेशी जनता आफ्नो दिनचर्यासँग जुधि रहेका छन् । पढे लखेका बेरोजगार छन् । नपढे लेखेकाहरु पासपोर्ट बनाएर खाडीमा काम गर्न जान आतुर छन् । जमिनहरु बाँझो छ । घरमा बुढाबुढी र केटाकेटी मात्र छन् । अब जयरामहरुका लागि आन्दोलन कसले गर्ने ? त्यसैले बुझौं मधेशमा आन्दोलनका लागि बिल्कुल कुनै उकुस मुकुस छैन ।

*अशेश्वर कामत, सिरहा, नरहा*

## फेसबुक



**शैलेन्द्र साह**

अर्थतन्त्रको तीन खम्बा मध्येको एउटा खम्बाको रूपमा रहेको सहकारी क्षेत्र आज केही सहकारी/व्यक्तिका कारण बदनाम हुँदै गएको छ । सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ नीति राज्यले लिएको छ । नेपालको संविधानाले समेत दिगो शान्ति, सुशान र समृद्धि हासिल गर्न तीनवटा आधार मध्येको महत्वपूर्ण आधारको रुपमा सहकारी क्षेत्रलाई लिएको छ । सहकारीले छरिएर रहेको श्रम, सीप, प्रविधि र पुँजीलाई एकिकृत गरी व्यक्ति, परिवार, समाज र समग्र राष्ट्रलाई नै आर्थिक, समाजिक एवम सांस्कृतिक उत्थानमा टेवा पुर्‍याउँछ । सहकारीको उद्देश्य नै समाजमा व्याप्त गरीबी , बेरोजगरी, आर्थिक शोषण र अन्याय-अत्याचारको अन्त्य गरी एक आदर्श समाजको निर्माण गर्नु हो । सहकारीको माध्यमले धेरै मुलुकहरु समृद्ध भएका छन् । त्यसेले, सहकारी सम्बन्धी नियमन गर्ने निकायलाई मजबुत तथा प्रभावकारी बनाई ऐन, नियावली र कार्यविधिलाई कडाईका साथ पालना गर्न लगाई सहकारी क्षेत्रलाई अब उत्पादनशील क्षेत्रमा केन्द्रित गर्न प्रोत्साहन गर्ने रणनीति सरकारले लिनु आवश्यक छ ।



**अशोक यादव**

जनता समाजबादी पार्टी, नेपाल निर्माण गर्नमा तराई मधेसका हामी जस्ता हजारौं युवाहरुको बलिदानी पुर्ण ईतिहास छ, जसरी पार्टी महाधिवेशनमा बिभिन्न षड्यन्त्र गरी घोषणा गरिएको निर्वाचन रोकेर एकल अधिकार प्रयोग गर्दै तराई मधेसका क्रान्तिकारी योद्धाहरुलाई बाईपास गरेर केही पार्टी भित्र आफ्नो वरिपरी गणेश परिक्रमा गर्ने भडुवाहरुलाई पदाधिकारीमा राखेर पार्टी कब्जा गर्ने निती स्वरुप पार्टी नेतृत्वले अपरिपक्व निर्णय लिएको छ,यस निर्णयको बिरुद्ध पार्टी भित्र संघर्ष निश्चित रूपमा हुन्छ । यो निर्णय गलत छ,, सुधार भएन भने बिद्रोह गरेर भएपनि सच्याउनु पर्छ । निर्णय सच्याएनन् भने पार्टी अध्यक्ष उपेन्द्र यादव कुनै भगवान होइनन्, जसरी पटक पटक मधेसका क्रान्तिकारी नेताहरुलाई समाप्त पार्ने षड्यन्त्र गरेका छन त्यसरी नै कुनै दिन मधेस बाटै उठेको आन्दोलनले उनैलाई समाप्त गर्न सक्छ समयमा सचेत हुन आवस्यक छ । जय मातृभूमि

# बुझ्नु भो त भारत छाडेर अमेरिका रोज्नुको संकेत

नेकपा (एमाले) र नेपाली काँग्रेस बिचको गठबन्धन बनाउनमा अमेरिकाको हात रहेको कुरा अहिले आएर पुष्टि भएको छ। प्रधानमन्त्री केपी शर्मा ओली असोजको पहिलो हप्ता अमेरिका जान लाग्नु भएको हो। सेप्टेम्बर २३ देखि सुरु हुने संयुक्त राष्ट्र संघको महासभामा भाग लिनका लागि उहाँ अमेरिका जान लाग्नुभएको हो। जब कि भारत र चीनले प्रधानमन्त्री ओलीलाई आफ्नो देशमा भ्रमण गराउन आतुर देखिन्छन्। यी दुई देशले प्रधानमन्त्री ओलीलाई भ्रमण गराउन प्रतिस्पर्धा गरिरहेको बेला अमेरिकाले बाजी मारेको छ। युएनको महासभामा भाग लिने बहानामा प्रधानमन्त्री ओलीलाई अमेरिकाले बोलाएको हो।

सोही कार्यक्रमको बाहानामा प्रधानमन्त्री ओलीले अमेरिकामा उच्च स्तरीय भेटघाट गर्नुहुने स्रोतहरुको दावी छ। नेपालका प्रधानमन्त्रीहरुको विदेश भ्रमण भारत वा चीनबाट सुरु हुने गरेको देखिन्छ। प्रायः प्रधानमन्त्रीहरु पहिलो औपचारिक विदेश भ्रमण भारतबाट गरेको पाइएको छ। यसपटक पनि भारतले प्रधानमन्त्री ओलीलाई आफ्नो देशको भ्रमण गराउन चाहेको थियो। तर प्रधानमन्त्री ओली अमेरिकाबाट नै आफ्नो पहिलो विदेश भ्रमण सुरु गर्ने भनि उतै जाने तयारीमा लाग्नुभएको छ। अमेरिकाले नचाहेको भए एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार बन्ने सम्भावना नै थिएन। प्रचण्ड नेतृत्वको सरकारले चीनको परियोजना बीआरआइ कार्यान्वयनमा ल्याउने तयारी गरेको थियो। जुनकुरा भारत र अमेरिकालाई मन परेको थिएन।

भारतले प्रचण्डलाई प्रधानमन्त्री राखेर नै बीआरआइ परियोजना कार्यान्वयनमा रोक लगाउन चाहेको थियो। तर अमेरिकाले गठबन्धन भत्काउनेतिरै लाग्यो। माओवादीलाई सरकारबाट अलग गरेर काँग्रेस-एमालेको सरकार बनाउनतिर अमेरिका लाग्यो। काँग्रेससँग अमेरिकाको पहिलादेखि राम्रो थियो। एमालेलाई मिलाउन अमेरिकालाई गाह्रो थिएन किनभने एमालेले तत्कालै दुई वर्षका लागि प्रधानमन्त्री पाइरहेको थियो। र विश्वका ठूलो शक्ति साथ पनि दिइरहेको थियो। एमालेका अध्यक्ष केपी शर्मा ओली पनि त्यसका लागि तयार भएको कुटनीतिक मामिलाका जानकारहरु बताउछन्। प्रधानमन्त्री ओलीले चाहेको भए भारत भ्रमण गरेर पनि अमेरिका जान सक्नुहुन्थ्यो। उहाँसँग पर्याप्त समय थियो। तर उहाँले भारतलाई दबाबमा राख्न अमेरिका रोज्नुभयो। त्यही भएर अमेरिका जानुभन्दा पहिले उहाँले इपीजी प्रतिवेदन बुझ्नुपर्छ भनि अभिव्यक्ति दिएर भारतलाई दबाब दिनुभयो। कमल थापाको पुस्तक 'नाकाबन्दी र भुराजनीति' पुस्तकको विमोचन गर्दै उहाँले इपीजी प्रतिवेदन र सीमा समस्या समाधानलगायतका विषय उठाउनुभयो। परराष्ट्रमन्त्री डा.आरजु राणा देउवा भारत भ्रमणमा गएको बेला उहाँलाई त्यहाँका प्रधानमन्त्री नरेन्द्र मोदीले प्रधानमन्त्रीकै हाराहारीमा सम्मान दिएको कारणले पनि प्रधानमन्त्री ओली तनावमा हुनुहुन्छ।

उहाँले भारतलाई देखाउनका लागि भएपनि पहिलो भ्रमण अमेरिकाबाट गर्न लाग्नुभएको हो। हुन त परराष्ट्रमन्त्रालयका अधिकारीहरुले प्रधानमन्त्री ओलीको अमेरिका भ्रमण औपचारिक भ्रमण होइन, उहाँ युएनको कार्यक्रममा भाग लिन जान लाग्नु भएको हो। त्यो कार्यक्रम संयोगले अमेरिकामा भएको कारणले त्यहाँ जानु परेको हो। प्रधानमन्त्री ओलीको अमेरिका भ्रमणलाई पहिलो विदेश भ्रमण भन्न नमिल्ने परराष्ट्रका अधिकारीको दावी छ।

## पाँच महिनामै जसपा नेपालको महासचिव बन्ने भाग्यमानी

जनता समाजवादी पार्टी नेपालमा अहिले सबभन्दा बढी चर्चा महासचिव रामकुमार शर्माको भइरहेको रहेको छ। भर्खरै माओवादी छाडेर पार्टीमा आउनु भएका रामकुमार शर्माले महासचिव पद नै पड्काउनु भएको छ। तर वर्षौंदेखि त्यो पार्टीमा लागेका नेताले पदाधिकारीसम्म नपाउनुले उहाँको आलोचना पार्टीभित्र र बाहिर पनि भइरहेको छ।

रामकुमार शर्मा २०८० चैत ८ गते माओवादी पार्टी परित्याग गर्नुभएको थियो। उहाँ एक महिनापछि अर्थात २०८१ बैशाख ९ गते जसपा नेपालमा प्रवेश गर्नुभएको थियो। जेठ २८ गतेदेखि ३० गतेसम्म जनकपुरमा भएको महाधिवेशनमा महोत्तरीबाट महाधिवेशन प्रतिनिधि बनेर आउनु भएका शर्मा महासचिवमा उम्मेदवारी दिनुभएको थियो। विधान अनुसार उहाँ उम्मेदवार बन्न पाउदैन भनि त्यतिबेला पनि चर्चा भएको थियो तर उहाँले दिनुभयो। विधानमा पार्टीमा प्रवेश गरेकाका लागि पार्टी सदस्यको समयावधी लागु हुनेछैन भनि उल्लेख छ। जेठको अन्तिममा जनकपुरमा सम्पन्न भएको महाधिवेशनमा अध्यक्षबाहेक अरु कुनै पनि पद चयन हुन सकेको थिएन। महाधिवेशनले केन्द्रीय समिति तथा पदाधिकारी चयन गर्ने जिम्मेवारी अध्यक्ष उपेन्द्र यादवलाई दिएको थियो। तर उम्मेदवारी फिर्ता लिएको नलिएको कुनै कुरा स्पष्ट थिएन। यदि उम्मेदवारी फिर्ता लिने निर्णय भएको भए, त्यसको पनि प्रकृया पुरा गर्नुपर्थ्यो। महाधिवेशनले अध्यक्ष यादवलाई जिम्मेवारी दिइसकेपछि सबै प्रकृया गोलमटोल भयो। अध्यक्ष यादव असार ३ गते नौ जना कार्यकारिणी समितिसहित २१५ सदस्यीय केन्द्रीय समिति सार्वजनिक गर्नुभएको थियो।

त्यसमा रामकुमार शर्मालाई केन्द्रीय सदस्य बनाइएको थियो। त्यसपछि अध्यक्ष यादवले भदौं १० गते पदाधिकारीहरु घोषणा गर्नुभयो। त्यसमा उहाँलाई महासचिवको जिम्मेवारी दिएको छ। अर्थात पार्टीमा प्रवेश गरेको ठिक पाँच महिनापछि उहाँलाई महासचिव बनाइएको छ। उहाँ भन्दा पुराना नेताहरु पदाधिकारी समेत बन्न पाउनु भएको छैन। मनिष सुमन महाधिवेशनमा महासचिवका जवर्जस्त उम्मेदवार हुनुहुन्थ्यो। तर उहाँलाई कुनै पद नदिएको पार्टीभित्र गुनासो भइरहेको छ। मधेश प्रदेशका पूर्वमुख्यमन्त्री सरोज यादव जो बारामा उपेन्द्र यादवलाई चुनाव जिताउन ठूलो भूमिका खेल्नु भएको थियो। उहाँलाई पनि कुनै पद दिएको छैन। उहाँलाई मात्र होइन बाराबाट कसैलाई कार्यकारिणी तथा पदाधिकारीमा राखेको छैन।

**बाँकी पृष्ठ १० मा**

## जनमतका कार्यकर्ता होसियार ! नगर्नुस् यी १५ गल्ती

जनमत पार्टीले आफ्नो पार्टीका कार्यकर्ता तथा नेताका लागि अनुशासनमा कडाइ गरेको छ। पार्टी भित्रका कुनै सदस्यले कुनै किसिमले आफ्नो निहित स्वार्थ राखी या कुनै किसिमले समाजलाई असर हुने काम गरेको पाईएमा पार्टीलाई जानकारी गराउन जनमत पार्टीका उपाध्यक्ष एवं अनुशासन विभागका संयोजक ई.दीपक साहले सर्वसाधारणलाई आग्रह गर्नुभएका छ। त्यसका लागि उपाध्यक्ष साहले एउटा गुगल फर्म क्रिएट गरेर सार्वजनिक गर्नुभएको छ।

पार्टीका कुनै सदस्यले अनुशासनहिन काम गरेको छ, तपाईको जनाकारीमा आएको छ भने तुरुन्त जानकारी गराउनु होला भनि उपाध्यक्ष साहले आग्रह गर्नुभएको छ। त्यसरी जानकारी गराउने व्यक्तिको विवरण गोप्य राखिने पनि प्रतिवद्धता उहाँले बताउनुभएको छ। मधेशको विकास र सुशासनको अभिभारा जनमत पार्टीको काँधमा रहेको त्यसका लागि अनुशासनमा रही आफ्नो लक्ष्यप्रति अगाड़ी बढ्नु पर्ने बताउँदै उहाँले सुशासन कायम गर्नका लागि जनमत पार्टी प्रतिवद्ध रहेको बताउनु भएको छ। पार्टी बलियो हुन र संगठित हुन मुख्य कुरा अनुशासन हो पार्टीका नेता तथा कार्यकर्ता अनुशासित मात्र भइदिए भने संगठन बनाउन र बन्न कुनै समय नलाग्ने उहाँको विश्लेषण छ।

कार्यवाही गर्दा गल्तीको गम्भीरता हेरी कुनै पनि खालको कार्यवाही गर्न सकिने बताउँदै उहाँले गल्तीको प्रकृति र परिणाम हेरी सदस्यको हकमा सम्बन्धित समितिले लिखित वा मौखिक रुपमा स्पष्टीकरण माग्ने, आलोचना गर्ने, लिखित रुपमा आत्मालोचना गराउने, चेतावनी दिने, पद वा सदस्यताबाट निलम्बन गर्ने, क्रियाशील सदस्यबाट नै हटाउने र पदमुक्त गर्ने गरी कारबाही गर्न सक्ने उपाध्यक्ष साहले बताउनुभयो। कुनै पनि समिति वा सदस्यले आफूलाई तोकिएको दायित्व र जिम्मेबारी पालन नगरेमा समितिको हकमा माथिल्लो समितिले विघटन गर्न सक्नेछ र सदस्यको हकमा सम्बन्धित समितिले ठोस आधार तथा कारण खुलाई एक पद घटुवा गर्न सक्ने प्रावधान रहेको उपाध्यक्ष साहले बताउनु भएको छ।

पार्टी अनुशासनको कारबाही भोगिरहेका क्रियाशील सदस्यले कारबाही अवधि भर पार्टीको कुनै पनि तह र जनप्रतिनिधिमूलक निकायको निर्वाचनमा उम्मेदवारी दिन नसक्ने बताउँदै उहाँले विशेष परिस्थितिमा केन्द्रिय अनुशासन समितिले तोकेको प्रक्रियाको अधीनमा रही कुनै पनि क्रियाशील सदस्य र समिति उपर कारबाही गर्न सक्ने बताउनुभएको छ।

पार्टी निर्णयको अवज्ञा गरेमा वा पार्टी हित र प्रतिष्ठामा आँच पुऱ्याउने काम गरेमा, जनप्रतिनिधिहरूको हकमा पार्टी केन्द्रिय समितिले निर्वाचित भएको तहबाट हटाउनेसम्मको कारबाही गर्न सक्ने अधिकार अनुशासन विभागसँग रहेको उहाँले बताउनुभयो। कुनैपनि सदस्य वा समिति उपर अन्तिम कारबाही गर्नुअघि व्यवहारिक निश्चित समय-सीमा तोकेर स्पष्टीकरण दिने मौका दिइनेछ र आफूमाथि भएको कारबाही

**बाँकी पृष्ठ १२ मा**

**सहारा टाइम्स** पत्रिका **१५ वर्ष पुरा गरी १६औं** वर्षमा प्रवेश गरेको छ। १५ वर्षसम्म निरन्तर माया तथा साथ दिनुभएका तपाई पाठक, विज्ञापनदाता, सहयोगी तथा शुभचिन्तकमा हार्दिक धन्यवाद। अगामी दिनमा पनि तपाईको यस्तै साथ सहयोग पाइ राखौं भनि आशा पनि गरेका छौं।

संघर्ष, स्वाभिमान र स्वावलम्बन सहारा टाइम्स परिवार
SAHARA TIMES NATIONAL FORTNIGHTLY राष्ट्रिय पाक्षिक

## फरकमत

### माओवादीलाई सुध्रिने मौका



**भोला यादव**

नेकपा (माओवादी केन्द्र) सरकारबाट बाहिर आएको छ। माओवादी सरकारबाट बाहिरिदा सो पार्टीका नेताहरु दुखी हुनुभन्दा बढी खुशी छन्। संविधान निर्माणपछि माओवादी लगातार सरकारमा रह्यो। बिचमा २०७७ पुसदेखि २०७८ असारसम्म मात्र सरकारभन्दा बाहिर रह्यो। दुई पटक त माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले त सरकारकै नेतृत्व गर्नुभयो भने अन्य अरु सरकारमा पार्टी सहभागी भइरह्यो।

२०६३ चैत १८ गते पहिलो पटक माओवादी सरकारमा सहभागी भएको थियो। मलाई लाग्छ १८ वर्षमा माओवादी सबै मिलाएर दुई-तीन वर्ष सरकार बाहिर रहेको होला नत्र अधिकाँश समय सरकारमै बित्यो। माओवादीका अध्यक्ष प्रचण्ड त तीन पटक प्रधानमन्त्री नै बन्नुभयो। माओवादीको सत्ता यात्रा हेर्ने हो भने माओवादीले नचलाएको कुनै पनि मन्त्रालय बाँकी छैन। गृहमन्त्रालयदेखि लिएर सबभन्दा कमजोर मानिएको महिला बालबालिका मन्त्रालयसम्म माओवादीले चलाएको हो। उपराष्ट्रपति, सभामुख, राष्ट्रिय सभा अध्यक्ष जस्ता मुख्य पदहरु पनि माओवादीले पाएकै हो। अर्थ मन्त्रालयको जिम्मेवारी पनि पटक पटक पाएको हो। विकासे मन्त्रालय भौतिक मन्त्रालय र उर्जा मन्त्रालय पनि पटक पटक सम्हालेकै हो। कृषि मन्त्रालय पनि माओवादीको हातमा दुई पटक गएको हो।

तीन चार वटा प्रदेशमा मुख्यमन्त्री तथा प्रदेश प्रमुख समेत माओवादीले पाएकै हो। संघ र प्रदेशमा मन्त्री कति हो कति। त्यसले माओवादीलाई के फाइदा भयो त ? त्यसको न हिसाब छ न कुनै समिक्षा। बरु माओवादीलाई त्यसबाट घाटैघाटा छ। माओवादी बिग्रनु र कमजोर हुनुको मुख्य कारण नै सत्ता हो। माओवादीमा अहिले देखिएको विभाजनको संकेत पनि त्यही सत्ता नै हो। माओवादी पटक पटक विभाजन हुनुमा मुख्य कारण सत्ता नै हो। माओवादीको सत्ता यात्राबाट जनता कहिले खुशी थिएन तर माओवादीका शीर्ष नेताहरुले जहिले पनि त्यसलाई नजर अन्दाज गरि रहे। जनताको मनोविज्ञानलाई कहिले बुझ्ने प्रयास गरेनन्। अहिले लामो समयपछि माओवादी सरकारबाट बाहिरदा माओवादीका आम कार्यकर्ता दुखी होइन खुशी छन्। यो कुरा माओवादीका शीर्ष नेताहरुलाई पनि राम्रोसँग थाह छ।

पार्टी सरकारमा रहेको कारणले केही व्यक्तिलाई फाइदा भएको होला तर पार्टीलाई कुनै फाइदा भएको छैन। जनयुद्धमा हुँदा उत्पीडित जनताले माओवादीसँग निकै ठूलो अपेक्षा गरेका थिए। मधेशी, आदिवासी जनजाति, दलित, मुस्लिम, महिला पिछडिएका समुदायका कारण माओवादीको आन्दोलन सफल भएको हो। हजारौ दलित, आदिवासी जनजातिहरुले बलिदानी दिए। माओवादीको आन्दोलन सफल भएपछि हामी अधिकार पाउँछौं, हाम्रो दुखका दिन अन्त्य हुन्छ। हाम्रो छोराछोरी पढ्न पाउँछ। रोजगारी पाउँछ। तर खै ती आशा र भरोसाका कुराहरु।

ठ्याक्कै हिसाब निकाल्न सकिएको छैन तर १८ वर्षमा माओवादी पक्कै पनि १५ वर्ष सरकारमा रहेको होला। १५ वर्ष सत्तामा रहेर माओवादीले के गरे त्यसको समिक्षा गर्न माओवादी तयार हुनुपर्छ। माओवादी सरकारबाट बाहिर आएकोमा दुखी होइन, खुशी हुनुपर्छ किनभने माओवादीलाई सुध्रिने मौका प्राप्त भएको हो। २०८४ को चुनावसम्म माओवादी सरकारमा जाँदैन भनि संकल्प लिनुपर्छ। र जनताको भरोसा जितेर ८४ को चुनावमा गठबन्धन गरेर होइन एक्लै चुनावमा सहभागी हुनुपर्छ। नेपाली जनता अहिले पनि माओवादीको बाटो पर्खेर बसेका छन्। अहिले पनि माओवादीमाथि नै आशा भरोसा गरेका छन्। माओवादी त सत्तामा गएर बिग्रेको मात्र हो। सत्तामा गएपछि माओवादीका शीर्ष नेताहरु सुकिला मुकिला भए। बुर्जुवाहरुको जस्तै कुरा गर्न थाले। समाजवाद बिर्सेर पुँजीवादको कुरा गर्न थाले। पूँजीपती बालाहरुसँग दोस्ती गर्न थाले। ठूला ठूला महलमा बस्न थाले। महँगा महँगा गाडीमा चढ्न थाले।

**बाँकी पृष्ठ १२ मा**



■ विजय यादव

# जसपा नेपालका लागि घेराबन्दी तोड्ने अवसर

जनता समाजवादी पार्टी नेपाल गत बैशाख २३ गते विभाजन भयो । अप्रत्याशित ढंगले पार्टी विभाजन हुँदा जसपा नेपालका कार्यकर्तामा एक खालको निराशा त देखिएको थियो नै पछिल्लो समय जसपा नेपाल चारैतिरबाट घेराबन्दीमा पनि पर्‍यो । त्यसले झन निराशा थपियो । केन्द्रमा काँग्रेस, एमाले, माओवादीहरुले पनि जसपा नेपाललाई एक्ल्याउने कोशिस गरे । र, अहिले पनि त्यो कोशिस जारी राखेका छन् । मधेशमा जनमत पार्टीदेखि लिएर लोसपा नेपाललगायत अन्य दलहरु पनि जसपा नेपाललाई घेरबन्दीमा पार्ने कोशिस गरि रहे । यसले प्रष्ट हुन्छ कि जसपा नेपाल देशकै शक्तिशाली पार्टी हो जो सबैको आँखाको तारो बनेको छ । जसपा नेपाललाई समाप्त गरे मात्र मधेशमा ठाउँ पाइन्छ भनि सबै दलको बुझाई रहेको छ ।

अरु कुरामा नसकेपछि ती शक्ति दलहरुले जसपा नेपाललाई विभाजन गर्ने काम गरे । जसपा नेपाल विभाजनमा एमाले र माओवादीको हात रहेको प्रष्ट छ । एमाले र माओवादी खुलेर नै जसपा नेपाल विभाजनमा लागेको कुरा ती दलका शीर्ष नेताहरुले नै स्विकार गरेका छन् । जसपा नेपाल विभाजन गर्न सरकारले नै आफ्ना सम्पूर्ण शक्ति लगाएको थियो । रातारात यसरी नयाँ पार्टी दर्ता हुनु अहिलेसम्म नेपालको पहिलो घटना हो सायद । त्यो शक्ति त्यतिबेला लगायो जतिबेला जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव मुलुक बाहिर हुनुहुन्थ्यो । यो त भयो घरमा कोही नभएको बेला चोरी हुनु । यसबाट प्रष्ट हुन्छ कि यो देशमा जसपा नेपाल शक्तिशाली पार्टी हो नै । जसलाई विभाजन गर्न देशका ठूला दल र सरकारले आफ्ना सम्पूर्ण शक्ति लगाएको थिए ।

**घेराबन्दीमा जसपा**

पार्टी विभाजन भएपछि पनि जसपा नेपाललाई घेराबन्दी गरेको छ । जसपा नेपाललाई कसरी कमजोर बनाउन सकिन्छ । कसरी समाप्त गर्न सकिन्छ विभिन्न शक्ति केन्द्रहरु अझै पनि लागेका छन् । संघदेखि प्रदेशसम्म सरकारभन्दा बाहिर राख्यो । जसपा नेपालका अध्यक्षलगायत अन्य नेताहरुमाथि विभिन्न मुद्दा लगाउने प्रपञ्च भइरह्यो । यस घेरबन्दीबाट जसपा नेपालले आफूलाई निकाल्न अहिलेलाई सफल भएको छ । अब जसपा नेपाल फरक ढंगबाट फरक सोचका साथ जनतामा जानुपर्छ । जसपा नेपालमाथि जुन भ्रमहरु सृजना गरेका छन्, त्यसलाई चिर्न जसपा नेपाल योजनाबद्ध तरिकाबाट अगाडि बढ्नुपर्छ ।

पार्टीभित्र र पार्टी बाहिर देखिएको घेरबन्दीलाई पार्टीका अध्यक्ष उपेन्द्र यादवले तोड्न सक्नुपर्छ । पार्टीभित्र को असल को खराब, को पार्टीप्रति प्रतिवद्ध, को धोखेबाज । यी सब कुराको ख्याल पार्टी अध्यक्षबाट हुनुपर्छ । कतिपय यस्ता नेताहरु छन् जो अध्यक्ष उपेन्द्र यादवकै वरिपरी रहेर पार्टीलाई क्षति पुर्‍याई रहेका हुन्छन् । ती त्यही व्यक्ति हुन् जो पार्टीबाट पटक पटक फाइदा लिएका छन् र लिइ पनि रहेका छन् तर मौका पाएमा पार्टीलाई धोका दिने गरेका छन् । र, त्यो अवस्था अझै पनि पार्टीमा कायम छ । त्यस्ता व्यक्तिलाई पार्टीका अध्यक्षज्युले पहिचान गर्नुपर्छ ।

**पिठ्युमा छुरा घोप्नेहरु**

पार्टीभित्र कतिपय यस्ता नेताहरु छन् जो मुखमा रामराम र बगलीमा छुरा राखेका छन् । मौका आउने बित्तिकै पिठमा छुरा घोप्न बेर लगाउदैनन् । त्यस्ता नेताबाट पार्टी सचेत रहनुपर्छ । बाहिरका दुश्मनसँग जित्न सकिन्छ तर घरका दुश्मनसँग जित्न सकिदैन । बाहिरका घेरबन्दीलाई तोड्न सकिन्छ , घरका घेरबन्दीलाई तोड्न सकिदैन । त्यसैले यस्ता कुरामा पार्टी नेतृत्वले समयमा ख्याल गर्नुपर्छ । जसपा नेपालको इतिहास मधेशी जनअधिकार फोरमदेखि नै केलाउँदा के देखिन्छन् भने पार्टीका अध्यक्ष उपेन्द्र यादवलाई त्यही व्यक्तिले धोका दिँदै आएका छन् जो उहाँको सबैभन्दा निकट हुन्छन् । अध्यक्ष उपेन्द्र यादवको आडमा पटक पटक फाइदा लिएका हुन्छन् त्यही व्यक्तिले धोखा दिएर भाग्छन् । त्यसलै अध्यक्ष उपेन्द्र यादवले अब पनि त्यस्ता व्यक्तिबाट सचेत रहन सक्नु भएन भने बाहिरको दुश्मनसँग जति लडेपनि अन्त्यमा घरमा नै हार्नुपर्छ ।

केही समयदेखि जसपा नेपाललाई भएको क्षतिको 'ड्यामेज कन्ट्रोल' भएको छ । अध्यक्ष उपेन्द्र यादवले फेरि आफूलाई कुशल संगठक प्रमाणित गर्नुभएको छ । घेराबन्दीलाई तोड्दै अगाडि बढ्नुभएको छ । पार्टीको महाधिवेशन गराउन पनि सफल हुनुभयो । पार्टीको महाधिवेशन सम्पन्न भएपछि चार दिनसम्म सानदार तरिकाले पार्टीको केन्द्रीय समिति चल्यो । र, सो बैठकबाट जसपा नेपालले सचेत र योजनाबद्ध तरिकाले कदम चालेको देखिन्छ । अध्यक्ष उपेन्द्र यादवले पार्टीको केन्द्रीय पदाधिकारी पनि चयन गर्नुभएको छ । केन्द्रीय समिति तथा कार्यकारिणी समिति पनि विस्तार गर्नुभएको छ ।

संगठनका यी महत्वपूर्ण कामहरु यो बिचमा भएको छ । जसले पार्टीलाई नयाँ रुपमा देखिएको छ । पार्टीको 'रिकन्ट्रक्सन' भएको जस्तो देखिन्छ । पार्टीका नेता तथा कार्यकर्तामा एउटा उर्जा थपिएको छ । नयाँ जोशका साथ आआफ्नो क्षेत्रमा जुटेका छन् । केन्द्रीय समितिले भुगोलमा दिएका जिम्मेवारी लिएर नेताहरु आआफ्नो भुगोलमा खटि सकेका छन् । जसले पार्टीभित्र नयाँ जोशको सञ्चार भएको छ । जसपा नेपालले चार महिने 'जनतासँग जसपा नेपाल अभियन्ता अभिमुखीकरण' कार्यक्रम प्रारम्भ गरेको छ । जसको उद्घाटन भदौं ९ गते विधिवत रुपमा भयो । त्यस्तै त्यस्तै कार्यक्रमहरु अन्य प्रदेशमा पनि हुने पार्टीले निर्णय गरेको छ ।

**सरकार नो म्याण्डेट**


पार्टीका सम्पूर्ण अंग अहिले क्रियाशिल छ । यो क्रियाशिलतालाई २०८४ सम्म कायम राख्नुपर्छ । २०८४ सम्म जसपा नेपालले दयाँ बयाँ हेर्नु हुँदैन । सरकारको बारेमा त सोच्नै हुँदैन । विकास र संगठन चलाउनका लागि सरकार चाहिन्छ तर त्यसले पार्टीलाई दीर्घकालिन फाइदा नभएको इतिहास छ । जब जब जसपा नेपाल (फोरमदेखि) सरकारमा गएको छैन, तब तब पार्टी बलियो भएको छ । संगठन क्रियाशिल हुन्छ । जब सरकारमा जान्छ अनि संगठन कमजोर हुन्छ । पार्टी विभाजन हुन्छ । पार्टीभित्र असन्तुष्टि बढ्छ । यसरी बुझ्दा जसपा नेपाललाई मधेश आन्दोलनले सरकारमा जाने म्याण्डेट दिएको होइन ।

२०८४ सम्म जसपा नेपाल सरकारमा गएन भने मधेश प्रदेशमा एक नम्बरको पार्टी बन्छ नै संघमा पनि राम्रो स्थान ल्याउछ । मधेश प्रदेशमा जसपा नेपाल सात वर्ष नेतृत्व गर्‍यो तर त्यसको फाइदा पार्टीले लिन सकेन । जसपा नेपाल नेतृत्वको सरकारले केही महत्वपूर्ण कामहरु पनि गरेका छन् तर त्यसको स्वामित्व लिन सकेन । पार्टीको तर्फबाट त्यसको प्रचार प्रसार नै भएन । त्यसले गर्दा पनि जसपा नेपालप्रति सरकारलाई लिएर राम्रो सोच देखिएको छैन । त्यसले गर्दा केही दिन सरकारबाट परहेज गर्दा नै राम्रो हुन्छ । यो चार महिने अभियानले पार्टी संगठन बलियो हुने अपेक्षा गरिएको छ । धेरैभन्दा नयाँ सदस्य बनाउने उद्देश्य पार्टीले राखेको छ । ८४ सम्म पाँच लाख क्रियाशिल सदस्य बनाउने अठोटका साथ यो अभियान सञ्चालन भएको हो । यो पार्टीका नेता तथा कार्यकर्ताका लागि निकै चुनौतीपूर्ण कुरा हो । तराई मधेशमा राजनीतिमा निकै प्रतिस्पर्धा छ । रणनीतिक ढंगबाट अगाडि बढेन भने लक्ष्य प्राप्त गर्न गाह्रो हुन्छ ।

**के के हुन्छ अभियानमा ?**

यो अभियानको क्रममा टोल, बुथ, गाउँ/नगर/पालिका, प्रदेश/संघीय निर्वाचन

बाँकी पृष्ठ ८ मा



■ जेपी गुप्ता

# टुडिखेलमा देखिएको बंगलादेश र श्रीलंकाको कम्पन्न

भदौ १० गते गौरा पर्व मनाउन टुँडिखेलमा जम्मा भएको भिडले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई हुटिंग गरेको बडो चर्चा छ । देउवा बोल्न थाल्दा होहल्ला चर्किएपछि देउवा कड्किए-"लाज पनि छैन । अर्काको कार्यक्रम बिथोल्ने ? लाज नभएकाहरु, यही हो नेपालको संस्कृति ? यही हो नेपालको चलन ? यही सिकेर आएको ? बदमासहरु ।"

गौरा पर्व मनाउन आएकाहरू देख्दा देउवाको बिरोध गरेको देखिए पनि प्रत्यक्षदर्शीहरूका अनुसार भिडले आफूहरुलाई नेताहरु नचाहिने भन्दै मुर्दावादको नारा लगाएको थियो । हालका बिरक्त लाग्दो राजनीतिक परिस्थितिमा यो एक प्रतिनिधिमूलक घटना हो । केहीअघि यस्तो भएको भए काँग्रेसजनले यसलाई शायद देउवाका बिरूद्ध ओलीको षड्यन्त्र भन्न सक्थे । यहाँ ओली स्वयं मञ्चमा थिए । उनले यस हुलहुज्जतको भर्त्सना पनि गरेका छन् । प्रचण्डको प्रतिकृया ज्ञात भएन, यद्यपि प्रचण्ड समेतका बिरूद्धको घान हो यो । समग्रमा नेताहरू प्रतिको बितृष्णा भनौं ।

मेरो बिचारमा यसो हुनु हुदैन्थ्यो, भयो । यसअघि स्वयं प्रचण्ड, झलनाथ खनाल, माधव नेपाल आदि सबैसँग यस्तो भइसकेको छ । शायद फेरी फेरी हुँदै जाने होला । अहिलेको साल-सम्वत्को दिशा यस्तै देखिन्छ । आज देउवा रिसाए । स्वभाविक पनि हो । सबै पालैपालो रिसाउछन् । टुँडिखेल धेरै कुराको साक्षी छ, भलै यसको अभिलेख कतै न होला । कुनै समय जनमत संग्रहको परिणामलाई बीपी कोईरालाले स्वीकार्दा यस्तै भएको थियो । पहिलो जनआन्दोलन पछि गिरिजा प्रसाद.कोईरालाले "यो सबैको जित हो, राजाको पनि" भनि बोल्दा उनि तारो बनेका थिए । त्यसअघि बि.स. २०३६ को विद्यार्थी आन्दोलन पश्चात "जनमत संग्रहको घोषणा" स्वीकार्दा त्यस बेलाका विद्यार्थी नेताहरू बलबहादुर केसी तथा शरण बिक्रम मल्ललाई तेही टुँडिखेलमा जम्मा भई निस्केका भीडले जुत्ताको माला, कालोमोसो दली ठेलामा घुमाएका थिए ।

स्वयं बिपी कोईरालाले त्यही आयोजित सभामा शेरबहादुर देउवा, जो त्यस बखत थोरै नाम चलेका नेपाल विद्यार्थी संघका सभापति थिए-उनलाई "शेरे सुदूरपश्चिमाञ्चल" भनेका थिए । बीपीको त्यस बेला देउवालाई राष्ट्रिय राजनीतिको परिदृश्यमा पुर्‍याउने एक बिचारित पहल थियो त्यो । उही शेरबहादुर आज सुदूरपश्चिमेहरूकै घानमा परेर संयमता गुमाएको देखियो । तर, चुरो कुरो त के हो भने-यो जनताको रोष हो । यसको विवेक भनेकै 'रोष' हो । यस्ता रोषहरूले बदलाव ल्याई दिन्छ । राजाहरूलाई फ्याकिदिन्छ । राष्ट्रपिता भनिनेहरूको सालिकलाई ढालिदिन्छ । विश्वयुद्धका बिजेताहरूलाई चुनावमा सोत्तर पारिदिन्छ । हजारौं हजार उदाहरणहरू छन् यसका । हिजो अस्ती नै काठमाण्डौंमा कतै बालेन शाहको ठूलो क्रेज देखिएको थियो । जनताले बिशाल समर्थन जनाएको चर्चा सेलाएको पनि छैन । एक पटक वसन्तपुर दरबारको बार्दलीमा राष्ट्रपति समेतको उपस्थितिमा बालेन बालेन भएको थियो। बिचरा राष्ट्रपतिलाई हिनताबोध भयो होला । यस्तो भइरहन्छ । जबकि, यस्तो भइरहनु हुदैन । यसका सन्देश तथा संकेत बुझ्नु पर्दछ ।

यस्तो नाराबाजी गर्ने तथा देउवाले भनेका 'बदमासहरु' कम शक्तिशाली होईनन् । अब देउवा, ओलीहरू बुजुर्ग भए । उनिहरूलाई लाग्दो हो-"बुजुर्गहरूले समाजलाई दिशा दिन्छ । काँग्रेस वा कम्युनिष्टको बलको मियों हुन् समाजका बुजुर्गहरू । हुल्लडबाजहरूले केही गर्न सक्दैनन् ।" यसो सोच्दा त हुन्छ, जबकि यस्तो सोचाई उनीहरूका लागि घाटाको कुरो हुनेछ । नेपालको जनसंख्यामा ६५ वर्ष नाघेकाहरूको जनसंख्या ५.९० प्रतिशत छ । यस्ता बुजुर्गहरू आज त्यहाँ थिएनन् होला ।


उनीहरू यसो गर्दैनन् होला । यसो गर्ने त १५-४४ उमेर समूहका युवाहरू हुन्छन् । जसको जनसंख्या कूल जनसंख्याको ५०.३७ प्रतिशत छन् । यो सत्य तथ्यांक हो । सरकारहरू त चुनाव जित्न निर्वाचनको आचार संहिताले बन्देज न लाउन्जेलसम्म सचिवहरू, प्रहरीका महानिरीक्षकहरू, अख्तियारका आयुक्तहरू, यस्तै यस्तैले सरकार बनाउन, आफ्ना पार्टीलाई विजयी बनाई दिन मद्दत गर्नेछन् भनेर यस्तै राजकीय उपक्रम तिर लागेका हुन्छन् । अनि यो बारूदको गोलो, १५-४४ उमेर समूहका ५०.३७ प्रतिशतकाहरूले चालै न दिईकन् दलहरूको स्थितिलाई उल्टोपुल्टो बनाई दिन्छ । किन भने यिनीहरूलाई टुँडिखेलबाट जे भनिए पनि तिनीहरू 'भोटर' हुन् । मतदाता हुन् ।

यिनका पनि त केही कुरा होलान ? जस्तो कि आज टुँडिखेलमा देउवाले बोल्दा तलबाट आवाज आयो-"हामी नेताहरूलाई सुन्न आएको होईन ।" बस्, यति नै हो नेताहरूले बुझ्नु पर्ने कि तिनीहरूले किन यसो भने कि "हामीहरू नेतालाई सुन्न आएको होईनौं ।" बस् यति बुझ्नुस् । आश जगाउनुस् अनि पुर्पुरोमा लेखी ल्याएको अझैं ५/७ चोटी प्रधानमन्त्री भइ रहनुस् ! यिनैले हिजो, कुनै समय "शेरे सुदूर पश्चिम जिन्दावाद" भनेका थिए ।

*(जेपी गुप्ताको फेसबुकबाट सम्पादनसहित सभार)*

अन्तरवार्ता

# उपेन्द्र, महन्थ, राजेन्द्रहरुले अब राजनीतिबाट विश्राम लिनुपर्छ



■ देवेन्द्र मिश्र, राजनीतिक समिति सदस्य, जनमत पार्टी

२०४० मा हर्कबहादुर गुरुङको प्रतिवेदन जलाउदा प्रकाउ परेपछि गजेन्द्रनारायण सिंहका साथमा नेपाल सद्भावना परिषद् गठन गर्नुभएका ६६ वर्षीय देवेन्द्र मिश्र सद्भावना, राजपा, जसपा नेपाल हुँदै अहिले डा.सिके राउत नेतृत्वको जनमत पार्टीमा राजनीतिक समितिका सदस्य र प्रचार प्रसार विभागका संयोजक हुनुहुन्छ । नेपाल सद्भावना पार्टी गठन हुँदा सहअध्यक्ष बन्नुभएका देवेन्द्र मिश्र १५ वर्षसम्म सो पार्टीको महासचिव पदमा रहेर काम गर्नुभयो । ६ वर्षअघि प्रध्यापक पेसाबाट रिटायर्ड हुनुभएका देवेन्द्र मिश्रसँग मधेश राजनीतिमा ठूलो योगदान र अनुभव छ । तर राजनीतिमा के टूनिङ्प्वाइन्ट आयो जसले उहाँलाई जनमत पार्टीमा पुर्‍यायो । प्रस्तुत छ, उहाँले त्यहाँ कसरी काम गरिरहनु भएको छ, जनमत पार्टीको सोच के हो, मधेशमा राजनीति कसरी अगाडि बढी रहेको छ लगायतका विषयमा सहारा टाइम्सले जनमत पार्टीका राजनीतिक समितिका सदस्य देवेन्द्र मिश्रसँग गरिएको कुराकानीको सम्पादीत अंशः

**तपाई नेपाल सद्भावना पार्टीमा रहेर लामो समय राजनीति गर्नुभयो, पछि जसपा नेपाल हुँदै जनमत पार्टीमा प्रवेश गर्नुभयो । जनमत पार्टीसम्मको यात्रा कस्तो रह्यो ?**

यात्राको वर्णन गर्न यहाँ साध्य छैन समयले भ्याउदैन । मधेशको अधिकार र पहिचानका लागि स्व.गजेन्द्रबाबुले सदभावना परिषद् गठन गर्नुभएको थियो । त्यसको म पनि संस्थापक हुँ । त्यो परिषद् गठन गर्दा गजेन्द्रबाबुलाई विभिन्न आरोप लागेको थियो । बिखण्डनकारीसम्मको आरोप लाग्यो । तैपनि गजेन्द्र बाबु र हामी आफ्नो अभियानमा अगाडि बढी रहियौं । उहाँले २०४६ को जनआन्दोलन पश्चात २०४७ मा सद्भावना परिषद्लाई नेपाल सद्भावना पार्टीमा परिणत गर्नुभयो । मधेशको विचार र सिद्धान्तलाई आत्मसात गर्दै गजेन्द्रबाबु अगाडि बढ्नुभयो । उहाँको प्राथमिकतामा जहिले पनि मधेश रह्यो । उहाँ संसदीय राजनीति पनि गर्नुभयो, सत्ताको राजनीति पनि गर्नुभयो तर मधेशलाई उहाँले कहिले छोड्नुभएन ।

उहाँको निधन भएपछि ती सबै मुद्दा छिन्नभिन्न भए । पार्टी पनि छिन्नभिन्न भयो । टुक्रा टुक्रा भयो । म पनि एउटा टुक्राको नेतृत्व गरेको थिए । पछि सर्वोच्चमा मुद्दा गयो । विभिन्न लफडाहरु भए । नेपाल सद्भावना पार्टी निकै कमजोर बन्यो । विभिन्न पार्टी खुल्यो । मधेश आन्दोलन भयो । त्यो आन्दोलनको एउटा हिस्सा सद्भावना पार्टी पनि बन्यो । आन्दोलन पश्चात विभिन्न दलहरु बनेर राजपा नेपाल बन्यो । सद्भावना पार्टी पनि त्यसैमा विलिन भयो । पछि राजपा नेपाल र उपेन्द्र यादवको नेतृत्वमा रहेको समाजवादी पार्टीसँग एकीकरण गरेर जसपा नेपाल बन्यो । जसपा नेपाल केही दिन चल्यो । त्यही व्यक्तिगत टक्रावका कारण जसपा नेपाल विभाजन भयो । म केही समय जसपा नेपालमै बसे । त्यहाँ मैले के पाए भने उपेन्द्रजी मधेशको भन्दा पनि राष्ट्रको कुरा गर्न थाल्नुभयो । उहाँका लागि मधेश प्राथमिकतमा थिएन । अर्को कुरा, त्यहाँ कम्युनिष्ट नेताहरुको हावी थियो । मधेशको हितभन्दा अरु अरु कुरा हुन थालेपछि म त्यहाँ निस्कृय भए । पछि जनमत पार्टीका नेताहरुले सम्पर्क गर्नुभयो । सिके राउतसँग भेट्दा उहाँले गजेन्द्रनारायण सिंहको कुरा गर्नुभयो । उहाँले गजेन्द्रबाबुले उठाउनु भएको मुद्दा र विचारको कुरा गर्नुभयो । गजेन्द्रनारायण सिंहको राजनीतिबाट प्रभावित भएर आफू राजनीतिमा लागेको समेत उहाँले भन्नुभयो । गजेन्द्रनारायण सिंहको सिद्धान्तमा नै आफू अगाडि बढेको समेत उहाँले कुरा राख्नुभयो । मैले उपेन्द्र यादव र महन्थ ठाकुरसँग पनि काम गर्ने मौका पाएको थिए तर त्यो पार्टीमा गजेन्द्रनारायण सिंहको चर्चा समेत मैले सुन्न पाएको थिएन । सिके राउतले मधेशलाई प्राथमिकतामा राखेर राजनीति गर्नुहुन्छ । गजेन्द्रनारायण सिंहको विचार र सिद्धान्तलाई अँगाल्नुभएको छ । मलाई चाहिएको त्यही थियो । म त्यो पार्टीमा प्रवेश गरे ।

**तपाईले नेपाल सद्भावना पार्टीमा गर्नुभएको राजनीति र अहिले जनमतमा गरिरहनु भएको राजनीतिमा कतिको फरक छ ?**

वैचारिक तथा सैद्धान्तिक हिसाबले केही फरक छैन । काम गर्ने शैली, विषयवस्तुको प्रस्तुतीमा केही फरक भएको छ । पहिला मधेशमा पहिचान, समावेशी र आरक्षणको कुरा हुन्थ्यो । अहिले सिके राउतजीले मधेशलाई प्राथमिकतामा राखेर राष्ट्रिय कुरा पनि उठाउनु भएको छ । विचारलाई परिमार्जन गर्नुभएको छ । अब मधेशको कुरा गरेर मात्र हुँदैन राष्ट्रियको समस्या पनि समाधान गर्नुपर्छ । र सिके राउतजीले त्यो कुरा उठाउनु भएको छ तर मधेशलाई कहिले छाड्नु भएन । मधेशलाई जहिले पनि प्राथमिकतमा राख्नुभयो । अहिले जनमत पार्टीले ल्याएको नौलो गणतन्त्रको कुरा पनि त्यही हो । गजेन्द्रनारायण सिंहमा जो जोश र रुतवा थियो त्यही जोश र रुतवामा सिके राउतमा पनि देखेको छु । काम गर्ने शैली मात्र फरक हो । समय सन्दर्भ अनुसार फरक पनि हुनुपर्छ । गजेन्द्रनारायण सिंहले गरेको राजनीतिको समय एउटा थियो अहिले त्यो कुरामा नै परिवर्तन आएको छ । लोकतान्त्रिक दल भनाउदाहरुमा नै तानाशाही हावी भएको छ । त्यही दलहरुसँग लड्ने अवस्था आएको छ ।

**काम गर्न गजेन्द्रनारायण, महन्थ, राजेन्द्र, उपेन्द्रसँग सजिलो थियो कि सिके राउतसँग ?**

गजेन्द्रनारायण सिंहसँग लामो समय काम गरे । विभिन्न मोर्चामा संघर्ष गरे । सिके राउतसँग एक वर्षदेखि काम गर्दैछु । उहाँलाई बुझ्ने प्रयास गरिरहेको छु । अहिलेसम्म उहाँ आफ्नो लाइनमा हुनुहुन्छ । मधेशलाई प्राथमिकतमा राखेर राष्ट्रिय मुद्दाहरुलाई उठाउनु भएको छ । सिके राउत कहिले सत्तालाई प्राथमिकतमा राख्नुभएन । आफू कहिले सरकारमा जाने कुरा गर्नुभएन । अहिले उहाँ नौलो गणतन्त्रको कुरा गर्नुभएको छ । पक्कै पनि त्यहाँ नयाँ कुराहरु छन् । तर ती सबै कुरामा मधेश छ । मधेशलाई उहाँले कहिले छोड्नु भएको छैन । जो गजेन्द्रनारायण सिंहले गर्नुहुन्थ्यो । तर उपेन्द्र र महन्थमा मैले ती कुराहरु कहिले पाइनन् । उहाँहरु मधेशलाई धेरै पछाडि छोडिसक्नु भएको छ । उहाँहरु आफूलाई राष्ट्रिय नेता भन्नुहुन्छ । ओली, प्रचण्ड, देउवाका हारहारीमा आफूलाई हेर्न थाल्नुभएको छ । सत्ताको कुरा गर्न थाल्नुभएको छ । उहाँहरुको विचारधारमा अस्पष्टता छ । गजेन्द्रनारायणले सिधा कुरा गर्नुहुन्थ्यो । पहाडी शासकले हामीमाथि शासन गरेको छ । हामीमाथि विभेद गरेको छ । हाम्रो अधिकार तथा हिस्सा दिएको छैन । मधेशप्रति जुन एकाग्रता गजेन्द्रनारायण सिंहमा थियो त्यो महन्थ र उपेन्द्र यादवमा छैन । सिके राउतले मेधशलाई अगाडि राखेर अरु कुरा गर्नुहुन्छ । गजेन्द्रनारायण सिंहको विचार र सिद्धान्तलाई मोडरेट गर्नुभएको छ । त्यसैले म सिके राउतमा सम्भावना देख्छु । मधेशका लागि केही गर्ने उहाँमा जुनुन देख्छु । जो उपेन्द्र यादव र महन्थ ठाकुरमा कहिले देखिनन् ।

**त्यही उपेन्द्र र महन्थहरुले सिके राउतमाथि आरोप लगाउनु हुन्छ कि हामी मधेश आन्दोलनमा हुँदा उहाँ अमेरिकामा जागिरे हुनुहुन्थ्यो, मधेश आन्दोलनमा उहाँको कुनै योगदान छैन तर आज त्यसको फल खाइरहनु भएको छ के यो सही हो ?**

सिके राउतको उमेर नै कति हो र ? हामी आन्दोलनमा हुँदा सिके राउत केटाकेटी हुनुहुन्थ्यो । उपेन्द्र, महन्थ, राजेन्द्रहरुले आफ्नो उमेरसँग सिके राउतको तुलना गरेर कही हुन्छ त । जुनबेला उपेन्द्र, महन्थ, राजेन्द्रहरु आन्दोलनमा थिए त्यतिबेला सिके राउत सायदै बच्चै थिए । पढ्ने लेख्ने उमेर थियो । आफ्नो पढाईमा हुनुहुन्थ्यो । आफ्नो ठाउँबाट संघर्षरत हुनुहुन्थ्यो । उमेरको हिसाबले उपेन्द्र, महन्थ, राजेन्द्रहरुसँग सिके राउतको तुलना नै गर्न मिल्दैन । सिके राउतले आन्दोलन गर्नुभएको छैन भने होइन । उहाँ पनि लामो संघर्ष गरेर आउनु भएको हो । अरुभन्दा फरक ढंगको आन्दोलन गरेर आउनु भएको हो । सिके राउत फरक पहिचान बनाएर आउनु भएको हो । नेपालको राजनीतिमा उपेन्द्र, महन्थ, राजेन्द्रहरुभन्दा सिके राउतको पहिचान अलग छ । त्यसैले उहाँहरुले लगाएको आरोप गलत छ । समाजलाई कसरी परिवर्तन गर्ने, मधेशलाई कसरी परिवर्तन गर्ने भनि सिके राउतले सोच्नुभएको छ तर यो कुराको बारेमा उपेन्द्र, महन्थहरुले कहिले सोच भएन । एमाले-काँग्रेस गठबन्धन बनेपछि तानाशाही भयो भने कुरा सिके राउतले भन्नुभएको छ तर त्यसको बारेमा महन्थ, उपेन्द्रहरुले केही बोल्नुभएको छैन । बरु उनीहरुको काँधमा काँध मिलाएर हिडिरहनु भएको छ । सिके राउत सबभन्दा कान्छो नेता हुनुहुन्छ । तर उहाँको सोच सबभन्दा जेठो र परिपक्क छ ।

**मधेश प्रदेशमा जनमत पार्टी नेतृत्वको सरकार छ, अरु सरकारभन्दा केही फरक पाउनु भएको छ ?**

सोच्न त फरक नै सोचिरहेको छ । त्यो कार्यान्वयन कति हुन्छ त्यो फरक कुरा हो तर कार्ययोजना तथा तयारी विगतको सरकारभन्दा पक्कै पनि फरक छ । तर काममा अरु भन्दा फरक केही गर्ला जस्तो मलाई लाग्दैन किनभने त्यो अनुसारको बहुमत नै छैन । त्यो अनुसारको शक्ति नै छैन । एक जना मुख्यमन्त्रीले केही गर्न सक्दैनन् । त्यहाँको कर्मचारीतन्त्र पनि त्यस्तै छ । कमिशन तथा भ्रष्टाचारको जालो पनि त्यस्तै छ । त्यही भएर अरु सरकारभन्दा जनमतको सरकारले केही फरक गर्ला जस्तो मलाई लाग्दैन । सतिश सिंहजी वा जो सिंहजी आए पनि त्यसको आफ्नो बहुमत भएन भने उसले सोचेको अनुसार काम गर्न सक्दैनन् । राम्रो गर्ने कोशिस भइरहेको छ । २०८४ को चुनावमा मधेश प्रदेशमा बहुमत ल्याएर आफ्नै बलबुत्तामा सरकार गठन गरी मधेशका लागि काम गर्नुपर्छ भनि सोच हो जनमतको ।

**२०८४ मा जनमत पार्टी कसरी पहिलो पार्टी बन्छ, त्यसको योजना के छ ?**

जनमत पार्टीले योजना अनुसार काम गरिरहेको छ । देशमा भ्रष्टाचार अन्त्य गर्न जनमतले संघर्ष गरिरहेको छ । युवालाई पार्टीमा आकर्षित गरिरहेको छ । बेरोजगारलाई कसरी रोजगारी दिलाउने त्यसका लागि योजनाहरु बनाइ रहेको छ । काँग्रेस, एमाले, माओवादीलगायतका दलबाट नेता कार्यकर्ताहरु पार्टीमा प्रवेश गरिरहेका छन् । जनमत पार्टीले बुथदेखि नै पार्टी संचरचना बनाउन सुरु गरेको छ । र, अर्को मुख्य तथा महत्वपूर्ण कुरा जनमत पार्टीको नेतृत्वको एउटा युवाले गरेको छ । त्यसले धेरैको आकर्षण यो पार्टीमाथि रहेको देखिन्छ ।

**त्यसो भए जनमतले बहुमत ल्याएन भने मधेशमा परिवर्तन हुँदैन ?**

मलाई सोध्नु हुन्छ भने परिवर्तन हुँदैन किनभने म मधेशका सबै नेता तथा दलसँग काम गरिसकेको छु । मधेशमा परिवर्तन ल्याउने भिजन सिके राउतभन्दा अरु कोहीमा मैले पाइनन् । अबको मधेश पुरानो सोच र पुरानो शैलीले परिवर्तन हुँदैन किनभने टेस्ट भइसकेको छ । त्यसका लागि लामो समयदेखि प्रयास भएको हो तर भएन अब सिके राउत नेतृत्वको पार्टीले एउटा भिजन दिएका छ । त्यसलाई आत्मसात गर्‍यो भने मधेशमा परिवर्तन सम्भव छ । तर त्यसका लागि जनमत पार्टीलाई बहुमत प्राप्त हुनुपर्छ । प्रदेश सभा तथा संघमा बढीबढी भन्दा बढी जनप्रतिनिधि पुर्‍याउनुपर्छ किनभने अहिलेको संसदीय राजनीतिमा सँख्याले धेरै महत्व राख्छ । जनमत छ भने परिवर्तन सम्भव छ ।

बाँकी पृष्ठ ९ मा

# बुवाले डाक्टर बनाउन चाहनु भएको



चुल्ही पर करब नइ आब भात भन्सा करु करु पिया जी ग्यास चुल्हा के व्यवस्था......जस्ता सैयौं सुपरहिट गीत गाइसक्नु भएका रौतहट गौरका अञ्जली पटेल गायन क्षेत्रमा दामका लागि होइन नामका लागि काम गरिरहनु भएको छ। यदि दामका लागि उहाँले यो क्षेत्रमा आउनु भएको भए गुजाराका लागि स्कूलमा पढाउनु पर्दैन्थ्यो।

गीत, संगितका लागि आफ्नो घरसम्म त्याग्न तयार हुनुभएको अञ्जलीले यसकै लागि पढाई लेखाइ समेत छाड्नु भयो, यहाँसम्म कि उहाँले गीत, संगितकै कारण विहे समेत गर्नुभएन। अर्थात गीत संगितको यात्रामा जेजे अप्ठ्यारो आए ती सबैलाई त्याग्दै, पन्छाउँदै अगाडि बढ्नु भएका अञ्जली पटेल यस क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल हुनुभयो। केही पाउनका लागि केही गुमाउनु पर्छ भनि उदाहरण अञ्जली पटेलको जीवन भन्दा अर्को कुनै उदाहरण पाउन सकिदैन।

२०५७ सालमा श्रीजुद्ध मावि गौरबाट फर्स्ट डिभिजनमा एसएलसी पास गर्नुभएका अञ्जली महर्षी वाल्मिकी क्याम्पस गौरबाट साइन्सबाट प्लस टु पास गर्नुभयो। त्यसपछि उहाँ वीरगञ्जको ठाकुरराम क्याम्पसबाट बीएसस्सी पास पनि गर्नुभयो। साइन्स पढ्नुको कारण नै उहाँलाई डाक्टरी पेसामा जानु थियो। उहाँको परिवारले पनि उहाँलाई त्यतैतिर डोर्याइ रहेको थियो। यद्यपीको उहाँको ध्यान त्यतातिर थिएन।

**भाइको अपरहण टर्निङ्प्वाइन्ट**

प्लस टु पास गरेर मेडिकलको तयारीका लागि उहाँ काठमाडौं पनि आउनु भएको थियो। उहाँले बागबजारको एक इन्स्टिच्युटमा पढाई पनि सुरु गरिसक्नु भएको थियो। तर त्यही बेला उहाँको भाइ रोहित गाउँबाट अपहरणमा परेको थियो। त्यसपछि उहाँ काठमाडौंबाट गाउँ फर्किनु भयो। करिब १ महिना त्यसैमा समय खेर गयो। अपहरणकारीले रकम लिएर भाइ फर्काई दिए। तर घरमा एकखालको तनावको माहौल थियो त्यही भएर उहाँ फेरि काठमाडौं फर्किनु भएन।

वीरगञ्जको ठाकुरराम क्याम्पसमा बीएसस्सी पढ्न थाल्नुभयो। वीरगञ्जमा होस्टलमा रहेर वीएसस्सी अध्ययन गरिरहँदा अञ्जलीले गायन तिर आकर्षित हुनुभएको थियो। तर यो कुरा उहाँका आमाबुवालाई मन परिरहेको थिएन। अञ्जलीको बुवा चन्देश्वर राउतले आफ्नो छोरी कहिले पनि गायन क्षेत्रमा नजाओस् भनि चाहनु भएको थियो। उहाँको चाहना छोरी अञ्जली डाक्टरी पढाइ पढोस्। डाक्टरी नपढे, अन्य कुनै एकेडेमिकतिर जाओस् भनितर गायनतिर नजाओस् भनि बुवा चन्देश्वरको चाहना थियो तर अञ्जलीले लुकिछिपी गायन क्षेत्रलाई रोजिसक्नु भएको थियो।

हुन त अञ्जलीका बुवा चन्देश्वर राउत पनि गीतका सौकिन हुनुहुन्थ्यो। घरमा बाजागाजा राख्नु भएको थियो। आफूलाई मन लागेको बेला घरमा गीत गाएर एक्लै आनन्दित हुनुहुन्थ्यो। तर उहाँले कहिले पनि चाहनु भएन कि छोराछोरीहरु यो क्षेत्रमा आउन्। चन्देश्वर आफू गीत गाएको ठाउँमा छोराछोरी आउँदा धपाउनु हुन्थ्यो। तर चन्देश्वरलाई के थाह छोरी अञ्जलीलाई भित्रभित्रै गायनको नासा लागि सकेको छ। गीतका सौखिन चन्देश्वरले आफ्नो छोरीको त्यो नासालाई पहिचान गर्न सक्नु भएन।

अञ्जली पटेल भन्नुहुन्छ, 'गड गिफ्ट हो कि के हो थाह छैन, मेरो घरमा सबैलाई गीत संगितमा रुची थियो र छ पनि मेरो बुवालाई कसैले सिकाउनु भएको थिएन उहाँ प्रायः सबै बाजा बजाउनु हुन्छ र गीत पनि गाउनु हुन्छ मेरा भाइ, वहिनीहरु पनि बाजा बजाउनुको साथै गीत पनि गाउनु हुन्छ। कसैलाई कसैले सिकाएनन्।' तर त्यसलाई कसैले आफ्नो पेसा बनाएनन्, सिर्फ अञ्जली पटेलले घरबाट विद्रोह गरेर भएपनि यसै क्षेत्रलाई रोज्नुभयो।

**स्कूलको गीत संगित**

चन्देश्वर राउत जुन स्कूलका हेडमास्टर हुनुहुन्थ्यो त्यही स्कूलमा छोरी अञ्जली पनि पढ्नु हुन्थ्यो। त्यहाँ हुने सरस्वती पूजालगायत अन्य कार्यक्रमहरुमा अञ्जलीले गीत गाउँदा सबैले तारिफ गर्थे तर उहाँको बुवाले मन पराउनु हुन्थेन। उहाँको बुवालाई डर थियो कि छोरी गायन क्षेत्र न रोजि हालोस्, जबकी चन्देश्वर आफैपनि गीतका सौखिन हुनुहुन्थ्यो । स्कूलमा पनि छोरीले गीत नगाइ दिओस् भनि चाहनु हुन्थ्यो तर नाम आइसकेपछि अन्य शिक्षकले अञ्जलीको गीत सुन्नै पर्छ भनि कर गरेपछि चन्देश्वरलाई पनि बाध्य हुनु पर्थ्यो।

एकपटक जिल्लास्तरीय गीत प्रतियोगिता हुँदा स्कूलबाट अञ्जलीको नाम पनि परेको थियो तर उहाँको बुवाले नाम राख्न मानि रहनु भएका थिएन। शिक्षकहरुको करकापले अञ्जलीको नाम पर्यो। अन्ततः अञ्जली त्यो जिल्ला स्तरीय प्रतियोगितामा प्रथम हुनुभएको थियो। तैपनि उहाँका बुवाले नाक खुम्चाउनु भएको थियो।

**संगितको अध्ययन**

अञ्जली वीरगञ्जमा अध्ययन गरिरहँदा एकजना गुरुबाट गायन सिक्न थाल्नुभएको थियो। जुन कुराको जानकारी उहाँको घरपरिवारलाई थिएन। होस्टलमा हुँदा उहाँले साथीभाइलाई फुर्सदको बेला गीत गाएर मनोरञ्जन दिनुहुन्थ्यो। अञ्जलीको त्यो आवाजलाई धेरैले तारिफ गर्थे। साथीहरुले पनि अञ्जली तिमी यही क्षेत्र रोज्नुपर्छ भनि सल्लाह दिन्थे।

त्यसैमध्येका अञ्जलीभन्दा सिनियर श्वेता सरिकले अञ्जली पटेलको गीत र उसको अवाजलाई निकै तारिफ गर्नुहुन्थ्यो। बेलाबेला उहाँलाई हौसला दिनु हुन्थ्यो। यसैलाई नै पेसा बनाउनुपर्छ, यसै क्षेत्रमा लाग्नु पर्छ भनि अञ्जलीलाई सल्लाह दिनु हुन्थ्यो। उहाँले नै वीरगञ्जकै एउटा संगित इन्स्टिच्युटमा नाम पनि लेखाइ दिनुभयो। गायन सिक्ने त्यो इन्स्टिच्युटमा आइडिमशन गराउने पैसासम्म थिएन अञ्जलीसँग। श्वेताले नै नाम लेखाइ दिनुभयो। त्यसपछि महिनाको दुई सय रुपियाँ अञ्जलीले आफै जोहो गर्न थाल्नुभयो। वीएसस्सी पढ्नका लागि घरबाट आउने खर्चबाट उहाँले महिनाको दुईसय रुपियाँ बचाएर त्यहाँ गायन सिक्नु हुन्थ्यो।

विस्तारै विस्तारै उहाँको आमा बुवाहरुले पनि थाह पाउनुभयो। सुरुमा रोक्न चाहनु भएका थियो तर छोरीलाई डाक्टरी पढाउन चाहेको तर उहाँको नसिबले साथ नदिएपछि के गर्ने, उहाँलाई जे इच्छा लाग्छ त्यही गरोस् भनि आमा बुवाले पनि कडाई गर्न छाड्नु भयो तर त्यही क्षेत्र रोज, पेसा नै त्यसैलाई बनाउ भनि इजाजत उहाँका आमा बुवाले कहिल्यै दिनुभएन। सौखका लागि गाउ केही छैन तर यसैलाई आफ्नो पेसा नबनाउ भनि आमा बुवाको चाहना थियो, अञ्जलीले भन्नुभयो, 'तर म यसलाई सौखका लागि भन्दा पनि यही क्षेत्रमा केही गरौं आफ्नो नाम यसैबाट स्थापित गरौं,

- प्लस टु पास गरेर मेडिकलको तयारीका लागि उहाँ काठमाडौं पनि आउनु भएको थियो। उहाँले बागबजारको एक इन्स्टिच्युटमा पढाई पनि सुरु गरिसक्नु भएको थियो
- चन्देश्वर राउत जुन स्कूलका हेडमास्टर हुनुहुन्थ्यो त्यही स्कूलमा छोरी अञ्जली पनि पढ्नु हुन्थ्यो। त्यहाँ हुने सरस्वती पूजालगायत अन्य कार्यक्रमहरुमा अञ्जलीले गीत गाउँदा सबैले तारिफ गर्थे तर उहाँको बुवाले मन पराउनु हुन्थेन
- अञ्जली वीरगञ्जमा अध्ययन गरिरहँदा एकजना गुरुबाट गायन सिक्न थाल्नुभएको थियो। जुन कुराको जानकारी उहाँको घरपरिवारलाई थिएन



# थियो तर अञ्जली बन्नुभयो गायिका

सारा दुनियाँले मलाई यही क्षेत्रले चिनुन् भनि इच्छा मैले बनाई सकेको थिए ।'

**रेडियोबाट पहिचान**

बीएसस्सी पास गरेपछि एमएसस्सी अध्ययनका लागि अञ्जली काठमाडौं आउनुभयो । काठमाडौं आएपछि उहाँले एमएसस्सी पढ्नु भन्दा पनि गायन क्षेत्रलाई कसरी निरन्तरता दिने भनि चिन्ता थियो । त्यसको लागि उहाँले एमएसस्सीको चक्कर छाड्नु भयो । उहाँले एमएसस्सी कहाँ पढ्ने, कुन कलेजमा पढ्ने केही सोधखोज नगरि गायन क्षेत्रमा कसरी जम्नेतिर लाग्नुभयो । उहाँले पहिलो खुड्किलाको रुपमा मिडियालाई नै लिनुभयो । पत्रकारिताको आधारभूत ज्ञान थियो उहाँलाई । उहाँ वीरगञ्जमा हुँदा एफएममा कसरी बोल्ने भनि तालिम लिनुभएको थियो । त्यही भएर उहाँलाई एफएममा बोल्ने धोको थियो । र एफएमकै मार्फत आफ्नो काला पस्कने चाहना पनि थियो उहाँलाई ।

राजेश गिरीमार्फत उहाँ काठमाडौंको रेडियो उपत्यकामा प्रवेश पाउनुभयो । राजेश गिरी विदेश जाने तयारीमा हुनुहुन्थ्यो । उहाँले चलाउने भोजपुरी कार्यक्रम कसैलाई हस्तान्तर गर्ने सोचमा हुनुहुन्थ्यो । त्यही बेला अञ्जलीसँग भेट भएको थियो । दुवैजनाले खोजेको कुरा मिल्यो । एफएममा अञ्जलीको तलब थिएन । उहाँले एफएममा समय किन्नु भएको थियो । विज्ञापन खोजेर ल्याउने ६० प्रतिशत एफएमलाई दिने र ४० प्रतिशत आफै राख्ने गर्नुहुन्थ्यो ।

अञ्जलीले त्यहाँ सरगम, प्रेमक सन्देश र एउटा अन्तरवार्ताका कार्यक्रम चलाउनु हुन्थ्यो । यिनै कार्यक्रममा उहाँले आफू पनि गाउनु हुन्थ्यो । अञ्जलीले कार्यक्रम चलाउनुको साथै बीच बीचमा आफ्नै स्वरमा गीत गाउदा श्रोताबाट उहाँको तारिफ हुन थाल्यो । बाहिर उहाँको प्रशंसा हुन थाल्यो । त्यसपछि उपत्यकामा अञ्जलीको डिमाण्ड बढ्न थाल्यो । विभिन्न भजन किर्तनदेखि लिएर अन्य स्टेज प्रोग्राममा अञ्जलीलाई बोलाउन सुरु भयो ।

अञ्जलीले स्मरण गर्दै भन्नुभयो, मैले पहिलो स्टेज प्रोग्राम बसुन्धारामा भएको सरस्वती पुजामा गरेको छु र दोस्रो पुल्चोक इन्जिनियरिङ क्याम्पसमा ।' एफएमबाट महिनाको चार पाँच हजार आउँथ्यो । यस्तै कार्यक्रममा गाउदा त्यसबाट पनि अलिअलि पैसा आउँदा अञ्जलीको गुजारा चलिरहेको थियो । तर उहाँ एमएसस्सी अध्ययन गर्न काठमाडौं आउनु भएका अञ्जली प्राइभेट एमएड पढ्न् थाल्नुभयो ।

**आर्थिक अभाव**

उहाँमाथि गीतको जुनुन सवार थियो । उहाँको अगाडि यी एमएसस्सी, एमएड सबै फिका थियो । कलेज गएर पढ्ने र पढेर केही बन्ने उहाँको चाहना थिएन । उहाँका चाहना सिर्फ गीत संगितमै केही गर्नु थियो । त्यही भएर उहाँले घरबाट पैसा पनि माग्नु हुन्थेन । आमा बुवाले जहिले पनि पैसाको बारेमा सोध्दा, पैसा छ भन्नुहुन्थ्यो अञ्जलीले । जबकी उहाँलाई काठमाडौंमा अभाव थियो ।

अञ्जलीको साथमा उहाँको भाइ पनि पढी रहेको थियो । भाइका लागि घरबाट पठाएको रकमबाट केही सहयोग अञ्जलीलाई पनि हुन्थ्यो तर अञ्जलीले आफै घरमा कहिले पैसा माग्नु भएन । उहाँले भन्नुभयो, 'मलाई लाग्थ्यो कि पैसा मागेपछि बुवाले भन्नुहुन्छ, यो गीतसित छाड्दे कुनै जागिर गर भन्दिनु हुन्छ ।' एक दिन त्यसै भयो, बुवासँग कुनै कामका लागि पैसा मागे अनि उहाँको बुवाले रौतहटमा एउटा शिक्षक चाहिएको छ तिमी यहाँ आउ काम गर' भन्नु भएको थियो । काठमाडौं छाडेर अञ्जली गाउँ जान मान्नु भएन । त्यो डरले पनि बुवासँग कहिले पैसा माग्नु भएन ।

११ वजेदेखि १२ वजेसम्म एफएममा काम गर्नुहुन्थ्यो भने बाँकी समय आफूले चलाई रहेको कार्यक्रमको लागि विज्ञापन खोज्ने र गीत, संगितका विभिन्न कार्यक्रममा सहभागी हुने गर्नुहुन्थ्यो । राती पढाई गर्नु हुन्थ्यो । त्यही बेला उहाँले गुरुदेव कामतको गुरु पाठशाला पनि ज्वाइन गर्नु भएको थियो । अञ्जली भन्नुहुन्छ, 'गुरुदेव सरको गुरुकुल पाठशाला त ज्वाइन गरे तर त्यहाँ तिर्नका लागि मसँग पैसा हुँदैन्थ्यो । पैसा भएको बेला म पढ्न जान्थे नभएको बेला छाडि दिन्थे । त्यो बेला म निकै आर्थिक तङ्गीमा थिए तर घरमा यो कुराको जानकारी थिएन ।'

यदि पैसाको अभाव छ भन्ने कुरा घरमा भनेको भए अञ्जलीलाई गाउँ फर्किन बाध्य पारिन्थ्यो । गाउँ फर्केपछि अञ्जलीले देखेको गायनको सपना पुरा हुँदैन्थ्यो । त्यही डरका कारण अञ्जलीले दुखसुख सहेर काठमाडौंमै बस्न चाहनु भएको थियो । गायनको क्षेत्रमा केही गर्न खोज्नु भएको थियो । उहाँ काठमाडौंको गीत संगितमा रमाई रहनु भएको थियो । जहाँ जसले गीत गाउन बोलाउथे उहाँ त्यही पुग्नु हुन्थ्यो । उहाँलाई कहिले कुनै अल्छी लागेन, कहिले कुनै थकाई लागेन । उहाँ भन्नुहुन्छ, 'म कुनै दिन गीत गाउदैन्थे, त्यो दिन के के छुटेको जस्तो लाग्थ्यो, केही नगरेको जस्तो लाग्थ्यो ।'

**यसरी हुनुभयो शिक्षिका**

गीत संगित, भजन किर्तनकै क्रममा बेनी माधव झासँग अञ्जलीको भेट भएको थियो । माधवले अञ्जलीको शैक्षिक योग्यताको बारेमा सोध्नु भएको थियो । अञ्जलीले साइन्स भनेपछि माधव झाले आफूले पढाइ रहेको स्कूलमा एउटा शिक्षकको




आवश्यकता छ त्यहाँ फर्म भर्नु न भनि सल्लाह दिनुभएको थियो ।

एफएम तथा गीत, संगितबाट आउने पैसाले अञ्जलीलाई काठमाडौंमा गुजारा गर्न गाह्रो थियो । काठमाडौंमै केही पार्टटाइम गरौं भनि सोच अञ्जलीको थियो । त्यसका लागि उहाँले ट्राइ पनि गर्नुभएको थियो तर उहाँले खोजेको जस्तो भेटिरहेको थिएन । माधव झाले भन्नुएको स्कूलमा उहाँले २०६८ मा नाम ग्याल हायर सेकेण्डरी स्कुलमा फर्म भर्नुभयो । उहाँ त्यसमा सेलेक्ट पनि हुनुभयो ।

स्कूलमा काम गर्ने चाहना अञ्जलीको थिएन । उहाँले यस्तै शिक्षिकामा काम गर्न गाउँबाट पनि अफर आएको थियो त्यो पनि सरकारी । उहाँ गाउँ फर्केर मज्जाले शिक्षक भएर काम गर्न सक्नु हुन्थ्यो तर उहाँ गायन क्षेत्र छाड्नुपर्ने डरले गाउँ जान चाहनु भएन । गीत संगितका लागि उहाँ काठमाडौंमै बस्नु भयो तर आर्थिक अवस्थाले स्कूलमा काम गर्न बाध्य पारेको थियो उहाँलाई ।

उहाँले मावि शिक्षिकको रुपमा त्यहाँ साइन्सको बायो र केमेस्ट्री पढाउन थाल्नु भयो । त्यतिबेला उहाँलाई १४ हजार रुपियाँ तलब दिएको थियो ।

काठमाडौंमा गुजारा गर्नका लागि अञ्जलीको लागि त्यो पर्याप्त थियो । अलिअलि गायन क्षेत्रबाट पनि आइरहेको थियो । स्कूलबाट पनि आउन थालेपछि अञ्जलीको आर्थिक अवस्था राम्रै भएको थियो । स्कूलबाट तलब आउन थालेपछि अञ्जलीको एउटा सपना पुरा भयो, त्यो हो आफ्नै एल्बम । गायन क्षेत्रमा लागेपछि अञ्जलीको एउटा सपना थियो कि आफ्नै एल्बम निकाल्ने तर त्यसका लागि पैसा पुगि रहेको थिएन ।

एल्बम निकाल्नका लागि उहाँले आथिक स्रोत जुटाउन प्रयास नगर्नु भएको होइन । तर उहाँले जहाँ जहाँबाट प्रयास गर्नुभयो सबै ठाउँबाट आश्वासन मात्र पाउनु भयो । कहिले काही त बुवासँग पैसा माग्ने इच्छा उहाँको मनमा नआएको होइन तर उहाँले त्यो हिम्मत कहिले गर्नुभएन । उहाँले राजनीतिक दलका नेताहरुलाई समेत एल्बम निकाल्नका लागि सहयोग गर्न आग्रह गर्नुभएको थियो ।

उहाँ भन्नुहुन्छ, 'म राजनीतिमा सक्रिय रुपमा नलागे पनि मधेश आन्दोलन सफल बनाउनका लागि थोरै भएपनि मेरो पनि योगदान छ । मधेश आन्दोलन सुरु हुँदा म वीरगञ्जमै थिए, आन्दोलनको क्रममा थुप्रै क्रान्तकारी गीत गाएको छु, आन्दोलनमा हिडेको छु मेरो बुवाले गीत लेख्नु हुन्थ्यो र त्यो गीत मैले गाउँथे ।' तर नेताहरुबाट सहयोग माग्दा आफूलाई मधेश आन्दोलनको दिन याद आइरहेको बताउँदै अञ्जलीले भन्नुभयो, 'नेताहरुबाट आवश्वासन मात्र पाए, आजको मितिसम्म कुनै सहयोग पाएको छैन आज जे छु आफ्नै बलबुत्तामा छु ।' स्कूलमा काम गर्न थालेपछि अञ्जलीको त्यो धोको पुरा भयो । उहाँले पहिलो काम एल्बम निकाल्ने कार्य गर्नुभयो ।

**आफ्नै एल्बम**

उहाँले २०७२ मा 'सजना के अँगना' एल्बम निकाल्न सफल हुनु भयो । त्यसमा आठवटा गीत थिए । ती सबै गीत बीएन पटेलले लेख्नु भएको थियो भने सबै गीतमा अञ्जलीले आफै स्वर दिनु भएको थियो । एउटा गायकका लागि यो नै धेरै ठूलो सपना हुन्छ कि उसको आफ्नो एल्बम होस् । र, अञ्जलीको त्यो सपना पुरा भएपछि उहाँ निकै खुशी हुनु हुन्थ्यो । एल्बम निकाल्न लगभग ८० हजार रुपियाँ खर्च भएको थियो । त्यसमध्ये अञ्जलीले चार पाँच हजार रुपियाँ रिटर्न पाउनु भयो । अञ्जली भन्नुहुन्छ, '८० हजार रुपियाँ जति खर्च लाग्यो एल्बम निकाल्न तर त्यसबाट चार पाँच हजार रुपियाँ मात्र रिटर्न भयो, त्यसमा मलाई कति पनि दुख लागेको छैन बरु म खुशी छु किनभने अरुले मेरो गीत सुनेको छ, मन पराएको छ, एफएमहरुमा कहिले काही आफ्नो गीत सुन्दा त्यतिकै पनि मन आनन्द हुन्छ, कसैले कतै मेरो गीत सुनेका हुन्छन् र त्यो कुरा मलाई भन्न आउँछ त्यो पनि मेरो लागि कमाई नै हो ।'

अञ्जलीको नजरमा उहाँको लगानी खेर गएको छैन । नगदमा नभए पनि अन्य कुरामा फाइदा नै भएको छ । उहाँले सोही एल्बमको गीतमा दुर्गा भजन पनि निकाल्नु भयो । त्यसमा पनि उहाँको ६० हजार रुपियाँ जति खर्च भयो । तर रिटर्न जीरो । तैपनि अञ्जलीलाई गम छैन । उहाँले दुईटा आधुनिक नेपाली गीतको छुट्टै एल्बम पनि निकाल्नुभयो । त्यसमा पनि ६० देखि ७० हजार रुपियाँ खर्च भएको थियो । तर रिटर्न जिरो । तैपनि अञ्जलीलाई गम छैन ।

गर्दैन माया उसले जब यकिन भयो......मैले बोल्ने शब्द.......यी गीतहरु पनि कहिले काही एफएम तथा युट्युबहरुबाट सुन्दा मन आनन्दित हुन्छ यो नै मेरो कमाई हो, अञ्जली भन्नुहुन्छ, 'मैले कमाईका लागि यो क्षेत्र रोजेको होइन, यदि कमाईका लागि क्षेत्र नै रोज्नु पर्थ्यो भने मेरो लागि धेरै अप्सन थियो । म लोकसेवा तयारी गरेर अहिले राम्रै पोष्टमा हुन्थे, कुनै क्याम्पसका प्रध्यापक वा कुनै स्कूलका हेडमास्टर वा राम्रो शिक्षिका हुन्थे । तर होइन मेरो लागि सबैथोक गीत संगित नै हुन गयो त्यसैले मलाई त्यसबाट आम्दानी नभएकोमा गम छैन ।'

**गीत संगितमा ठगिएको**

उहाँ आफ्नो एल्बमबाहेक अरुको एल्बममा पनि थुप्रै गीत गाउनु भएको छ । अहिले उहाँले एउटा गीत गाएको तीनदेखि चार हजार रुपियाँ लिनुहुन्छ । बाहिर कतै गीत गाउन जानु पर्‍यो भने १० हजारदेखि १५ हजार रुपियाँ लिनु हुन्छ । सुरुमा अञ्जलीसँग गीत गाउन लगाएर पैसा नदिएको धेरै घटनाहरु छन् । अञ्जली भन्नुहुन्छ, 'मलाई गीत गाउने भुत सवार थियो, त्यसको फाइदा धेरैले उठाए, पैसा दिन्छु भनि स्टुडियोमा नै लगेर गीत गाउन लगाउथे तर आज दिन्छु भोली दिन्छु भनि धेरैजनाले आजसम्म त्यो पैसा दिएको छैन ।' बजारबाट कति पैसा उठ्न बाँकी छ त्यसको हिसाब किताब अञ्जलीसँग छैन । उहाँले त्यो पैसा उठ्छ भनि आशा पनि मारि सक्नु भएको छ ।

अहिले उहाँ त्यसमा निकै सतर्क हुनुभएको छ । गीत गाउनुअघि नै पैसा लिनुहुन्छ । कतै कार्यक्रममा जाँदा उहाँले पहिला नै ५० प्रतिशत रकम लिने गर्नुहुन्छ । उहाँ स्कूलका कारण धेरै कार्यक्रम छाड्नु भएको छ । उहाँले स्कुलमा फुलटाइम काम गर्नुहुन्छ । स्कूलको विदा अनुसार मात्र उहाँ कार्यक्रममा जानुहुन्छ । यदि राम्रो कार्यक्रम छ, त्यो कार्यक्रममा जाँदा घाटा नहुने देखेपछि मात्र उहाँ स्कूलबाट विदा लिएर जानुहुन्छ ।

तर उहाँले स्टेज शो भन्दा बढी रेकर्डिङमा जोड दिनु भएको छ । स्टेज शोका लागि आयोजकका अनुसार समय निकाल्नुपर्छ तर स्टुडियोमा रेकर्डिङ गर्दा आफ्नो अनुसार समयलाई व्यवस्थापन गर्न सकिन्छ । अञ्जलीले भन्नुभयो, 'गायन क्षेत्रमा आज मैले जेजति गरेको छु त्यसमा स्कूलको धेरै ठूलो सहयोग छ, स्कूलले समय समयमा विदा मिलाई दिनु नै मेरो लागि ठूलो सहयोग हो । यदि यो स्कुलमा म काम नगरेको भए सायद काठमाडौंबाट पलायन हुनुपर्ने अवस्था मात्र होइन गायन क्षेत्रबाट नै विदा लिनु पर्थ्यो सायद । ११ वर्षदेखि यही स्कूलमा काम गरिरहनु भएको अञ्जली अहिलेसम्म यो स्कूलबाट अरु कुनै विकल्प पाएको छैन ।

**पुरस्कार सम्मान**

भारत तथा नेपालका विभिन्न एक दर्जनभन्दा बढी सम्मान तथा पुरस्कारहरु पाउनु भएको छ । टाइम्स इण्डिया अवार्ड, राष्ट्रिय समावेशी म्युजिक अवार्ड, नीम अवार्ड, रानी लक्ष्मीवाई सम्मान, साँस्कृतिक संस्थान राष्ट्रिय नाचघरद्धारा प्रशंसापत्र, मिथिला सम्मान, स्वर कोकिल सम्मान, आशिषचन्द्र शुक्ल स्मृति सम्मानलगायतका सम्मान तथा थुप्रै प्रशंसापत्रहरु पाउनु भएको छ ।

उहाँले नेपाली फिल्म प्रेमनाथको गीतमा पनि आफ्नो स्वर दिनु भएको छ । नेपाली सर्टमूभी अग्नीदहन, भोजपुरी फिल्म जुल्मी दहेजको गीत पनि उहाँले आफ्नो स्वर दिनु भएको छ । फिल्मी गीतदेखि लिएर विभिन्न एल्बम र फुटकरसहित करिब दुई सय भन्दा बढी गीत गाइ सक्नु भएका अञ्जलीले आरआर क्याम्पसबाट म्युजिकमा बीए गर्नुभएको छ । म्युजिकमै उहाँलाई पीएचडी गर्नेसम्मको धोको रहेको छ ।

## जसपा नेपालका...

क्षेत्रमा समिति गठन/पुर्नगठन, संगठन विस्तार, प्रशिक्षण, अन्तरक्रिया, गोष्ठी, जनसभा लगायत अन्य कार्यक्रमहरु गर्ने र सदस्यता नविकरण तथा नयाँ सदस्यता वितरण गरी पार्टी सदस्य संख्या कम्तिमा ५ लाख सम्म पुर्‍याउने पार्टीले केन्द्रीय समितिबाट निर्णय गरेको छ।

अभियानको क्रममा सबै स्थानीय तह अन्तर्गतका टोल, बुथ, वडा, गाउँ/नगर, प्रदेशसभा र संघीय निर्वाचन क्षेत्र स्तरसम्म संगठनको सञ्चालन गर्ने, पार्टी नेता तथा कार्यकर्ताको सैद्धान्तिक, वैचारिक र राजनीतिक क्षमताको अभिवृद्धी गर्ने, वैचारिक रुपले वैकल्पिक र सांगठनिक रुपले मजबुत पार्टी निर्माण गर्ने कार्य हुन्छ। अभियान्ताहरुले जनसरोकारका विषय र जनसमुदायले दिएका उचित सुझावहरु संकलन गर्नुको साथै पार्टी, नेता, कार्यकर्ता र जनता बिचको सम्बन्धलाई मैत्रीपूर्ण एवंम सुमधुर बनाउने प्रयास अभियानको क्रममा हुने पार्टीले उद्देश्य तय गरेको छ।

अभियानको क्रममा पार्टी सदस्यहरुको तथ्याङ्क संकलन गर्नुको साथै उनीहरुको टोल, वडा, पालिका तथा निर्वाचन क्षेत्रको अवस्था बारे यथार्थ र वस्तुनिष्ठ जानकारी संकलन गर्ने काम पनि हुन्छ। त्यस्तै, पार्टीमा उत्पन्न हुने सक्ने या भएका अन्तरविरोधको पहिचान गरी भएका समस्याहरुको समाधानमा ठोस पहलकदमी लिनुको साथै आम जनता बिच पार्टीको विचार, सिद्धान्तलाई लोकप्रिय बनाउन अभियन्ताहरुले भूमिका खेल्नुपर्ने पार्टीले निर्देशन दिएको छ।

अभियान्ताहरुले तोकिएको क्षेत्रमा ठोस रुपले पार्टीको मुद्दा, विचार र सिद्धान्तलाई बहसको विषय बनाउने, पार्टी समिति प्रणालीको अभ्यास गराउँदै टोल/बुथ समितिदेखि नै पार्टी अनुशासन, विधि आदिको ज्ञान सञ्चार गराउने काम गर्नुपर्ने हुन्छ। जसपा नेपाल सरकारमा रहँदा वा नेतृत्वमा रहँदा सरकारले गरेका राम्रा कामहरुको प्रचार प्रसार गर्ने काम पनि अभियानको क्रममा गर्नुपर्ने हुन्छ। यदि सरकारमा रहेको बेला नराम्रो काम भए वा गरेको भए त्यसको जानकारी पार्टीलाई गराउन भनेको छ। पार्टीबाट चोईटिएर गएका केही लोभी, स्वार्थी र अवसरवादीहरुले आम समुदायमा छरेको भ्रमलाई चिर्ने र उत्पिडित समुदायको नेतृत्व गरेको एकमात्र पार्टीलाई क्षति पुर्याउनेहरुको भण्डाफोर गर्ने काम पनि अभियानको क्रममा हुन्छ। जसपा नेपालको केन्द्रीय समितिमा पार्टीका अध्यक्ष उपेन्द्र यादवले प्रस्तुत गर्नुभएको राजनीतिक प्रस्तावलाई नै मुल आधार मानेर अभियान चलाउने भएको छ। संघीयता कार्यान्वयन सम्बन्धमा, संविधान संशोधन, समाजिक न्यायको हक, निर्वाचन क्षेत्र निर्धारण, शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, बहुभाषिक नीति, हवाइ सुरक्षालगायत एजेण्डाहरु लिएर अभियन्ताहरु जनता समक्ष गएका छन्।

**संघीयता र संविधान संशोधन**

जसपा नेपालले संघीयता कार्यान्वयनका लागि पनि केही सुझाव दिएको छ। प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ बमोजिम प्रदेश सरकारहरूलाई प्रहरी हस्तान्तरण गर्न जसपा नेपालले गरेको छ। संघीय निजामती ऐन संसदबाट पारित गरी कर्मचारी समायोजन सम्बन्धी कार्यहरू सम्पन्न गर्न, प्रदेश सरकारमा मन्त्रालयहरूको संख्या घटाउन, संविधानको अनुसूची ६ र ७ को अधिकार सूचीअनुसार प्रदेशहरूलाई क्षेत्राधिकार प्रदान गर्न पनि जसपा नेपालले प्रस्ताव गरेको छ। संघीय सरकारमा मन्त्रालयको संख्या घटाउने र प्रदेश मामिला सम्बन्धी विषयहरू प्रदेश सरकारलाई नै जिम्मेवारी दिने र अनावश्यक फिजुल खर्च कटौती गर्ने जसपा नेपालको जोडदार माग रहेको छ।

संविधान बमोजिम प्रदेशलाई हस्तान्तरण गर्न बाँकी रहेका विभिन्न मन्त्रालय मातहतका निकायहरू प्रदेशलाई तुरून्त हस्तान्तरण गर्न भन्दै संविधानको धारा ५६ (५) मा व्यवस्था भए बमोजिम विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गरी त्यसको क्षेत्राधिकार निर्धारण गर्न पनि जसपा नेपालले भनेको छ। जसपा नेपालले संविधान संशोधनका लागि समावेशी, संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न संविधान संशोधन गरी परिमार्जन गर्नका लागि संविधान विज्ञहरू सम्मिलित 'संविधान पुनरावलोकन आयोग' गठन गर्न प्रस्ताव गरेको छ। स्थानीय तहलाई प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहने गरी राख्न आवश्यक संवैधानिक तथा कानूनी व्यवस्था गर्न पनि जसपा नेपाले भनेको छ।

संविधानमा आवश्यक संशोधन गरी जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख/राष्ट्रपतीय प्रणाली, समावेशी तथापूर्ण समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था गर्न पनि जसपा नेपालले प्रस्ताव गरेको छ। त्यसका साथै प्रदेशहरूको नामाङ्करण गर्दा पहिचान झल्कने गरी गर्नुपर्ने जसपा नेपालले भनेको छ। यी एजेण्डका साथमा अभियन्ताहरु चार महिनासम्म बुथसम्मकै कार्यकर्तामाझ रहनेछ। जसले जसपा नेपाललाई जरैदेखि माथि उठाउने अपेक्षा गरिएको छ। यसका लागि पार्टीका सबै नेता तथा कार्यकर्ता इमान्दारीपूर्वक लाग्नुपर्ने देखिन्छ। यो चार महिना जसपा नेपालका नेता तथा कार्यकर्ताका लागि अग्नीपरीक्षा हुनेछ र यसबाट नै नेताहरुको मूल्यांकन हुने भनिएको छ।

*(लेखक विजय यादव जसपा नेपालका नेता हुनुहुन्छ)*

# मधेशको लाइफलाइन कमलापुल बनाउन भयो यस्तो सहमति

धनुषा-सिरहा जोड्ने हुलाकी राजमार्गको कमला पुल निर्माणका लागि आन्दोलन गरेका आन्दोलनकारी र सरकार बिच भदौ भदौं ७ गते चार बुँदे सम्झौता भएको छ। धनुषा-सिरहा जोड्ने कामला पुल निर्माण भइकेपछि भासिएको थियो। त्यसलाई पुन निर्माण वा नयाँ पुल नै निर्माण गर्नका लागि सिरहाका युवाले भदौं ४ गते आमरण अनसन सुरु गरेका थिए। भदौं ७ गते मुख्यमन्त्री कार्यालयमा आन्दोलनकारीसँग मधेश प्रदेश सरकारका मुख्यमन्त्री सतिश सिंहले चार बुँदे सम्झौता गर्नुभएको छ।

सम्झोताको पहिलो बुँदामा नै कमला नदीमा नयाँ पुलको निर्माण गरिने उल्लेख छ। नयाँ कमला पुलका लागि आवश्यक बजेट आर्थिक वर्ष २०८२/०८३ को वार्षिक वजेट संघ सरकारबाट राख्न पहल गर्ने नभएमा सम्पूर्ण बजेट मधेश प्रदेश सरकारको श्रोतबाट ब्यहोर्ने सहमति मधेश सरकारले सहमति गरेको छ। मंसिर १ गतेभित्र पुल निर्माणको डिपिआर तयारीका लागि बोलपत्र आह्वा गर्ने सम्झौतापत्रमा उल्लेख छ। यो सम्झौता भएसँग नयाँ कमला पुल निर्माण संघर्ष समिति सिरहा-धनुषाको संघर्षका सम्पूर्ण कार्यक्रम स्थगित गरिने सहमति भएको छ। तराई मधेशको लाइफ लाइन मानिएको हुलाकी सडक २०७८ असारमा भासिएको थियो। निर्माण सम्पन्न भएपछि सञ्चालनमै नआउँदै त्यो पुल भासिएपछि निर्माण कम्पनीले त्यसलाई मर्मत गरी सञ्चालनमा ल्याइने बताएको थियो।

तर पुल भासिएको तीन वर्षभन्दा बढी भइसक्यो तर अहिलेसम्म त्यसको अवस्था जस्ताको त्यस्तै छ। सो पुल निर्माणका मधेश सरकारले पनि पहल लियोस् भन्दै हुलाकी सडक अन्तर्गतको कमला पुल निर्माण सर्घर्ष समितिका संयोजक एवं सिरहा नगरपालिकाका इन्जिनियर प्रविण कुमार यादवको नेतृत्व आमवरण अनसन सुरु गरेको थियो। करिब १३ वर्षदेखि यो पुल निर्माण भइरहेको हो। २०६८ जेठ ३१ गते ४२ महिनाभित्र पुल निर्माण कार्य सम्पन्न गर्ने गरी पप्पु कन्सट्रक्सन र ज्यान जेभीले सो पुल निर्माणको ठेक्का पाएका थिए। तर समयमा निर्माण गर्न नसकेपछि ती कम्पनीको ठेक्का तोडेर लुम्बिनी बिल्डर्सलाई दिएको थियो।

लुम्बिनी बिल्डर्सले निर्माण कार्य अन्तिम चरणमा पुर्‍याएको थियो। २०७८ साउनमा उद्घाटन गर्ने तयारी चलिरहेको थियो। तर एक महिनाअघि नै १२ वटा स्पानमध्ये एक स्पान भासिएको थियो। कम्पनीले बनाइ दिने भन्यो। काम पनि सुरु गर्‍यो। तर प्रगति शुन्य देखियो। त्यसपछि मात्र सरकारलाई दबाव दिन आन्दोलन सुरु भएको थियो।


दिवा तथा रात्री सेवा
आरामदायी यात्राका लागि सम्झनु होस्



एञ्जल A/C हाएस
बर्दिवास, गोलबजार, सिरहा-माडर, काठमाडौँसम्म
सम्पर्क
काठमाडौं
प्रकाश-९८४१३१४३१९, ९८०८५११०१५
भोले श्याम-९८४१००२४६७, ९८१३९९२५२५
सिरहा
साने-९८५२८३१०७९, ९८०७७१७८९७
नागे-९८४२८२४३३९
विरेन्द्र-९८१६७०२०००






कृषकवर्गहरूलाई अनुरोध !

कृषि सामग्री कम्पनी लि. ले आयात गरेको उच्च गुणस्तरको युरिया, डी.ए.पी. एवम् पोटास मल कम्पनीका जिल्लास्थित कार्यालयहरूबाट बिक्रीवितरण भइरहेको हुँदा उक्त मल प्रयोग गरी राष्ट्रिय उत्पादनमा गुणात्मक वृद्धि गरौं।
साथै, उक्त मल खरिद गर्दा तौल यकिन गरी मात्र खरिद गुर्नुहुन समेत अनुरोध गर्दछौं।

कृषि सामग्री कम्पनी लिमिटेड
AGRICULTURE INPUTS COMPANY LTD.
(An Undertaking of Government of Nepal)

# शाहरुखसँग किन फिल्म खल्दैनन् मनिषा ?

अभिनेत्री मनिषा कोइरालाले पछिल्लो पटक शाहरुख खानसँग सन् १९९८ मा रिलिज भएको फिल्म 'दिल से' मा काम गरेकी थिइन् । यो फिल्मपछि पछिल्लो २६ वर्षमा दुवैले सँगै कुनै फिल्म गरेनन् । हालैको एक अन्तर्वार्तामा जब मनिषालाई आफ्नो करियरमा शाहरुखसँग फेरि काम नगर्नुको कारण सोधिएको थियो, अभिनेत्रीले भनिन्, 'तपाईंले यो प्रश्न शाहरुखलाई किन सोध्नुहुन्न ?'

जूमलाई दिएको एक अन्तर्वार्तामा मनिषाले भनिन्, 'तपाईंले यो प्रश्न शाहरुखलाई सोध्नुपर्छ । यस इन्डस्ट्रीमा नायकले कोसँग काम गर्ने भन्ने निर्णय गर्छन्, हिरोइनले होइन ।' सन् १९९५ मा रिलिज भएको फिल्म 'गुड्डू' मा शाहरुख र मनिषाले पहिलो पटक सँगै काम गरेका थिए । त्यसपछि दुवैले सन् १९९८ मा रिलिज भएको फिल्म 'दिल से' मा सँगै काम गरे । त्यसबेलादेखि अहिलेसम्म दुवैले सँगै काम गरेका छैनन् । 'दिल से' आज क्लासिक मानिए पनि त्यसबेला सिनेमाघरमा राम्रो प्रदर्शन गर्न सकेको थिएन । निर्देशक मणिरत्नमले फिल्मको खराब प्रदर्शनको लागि आफ्नो हिन्दी कौशललाई दोष दिएका थिए । उनले आफ्नो हिन्दी राम्रो नरहेको र दृश्यहरू सही बनाउन कलाकारलाई विश्वास गर्नुपर्ने बताएका थिए ।

# आशा शर्माका निधन



८८ वर्षीया अभिनेत्री आशा शर्माको निधन भएको छ । सिने एण्ड टिभी कलाकार संघले आफ्नो एक्स ह्यान्डलमा पोस्ट गर्दै यो जानकारी दिएको हो । यद्यपि अभिनेत्रीको मृत्युको वास्तविक कारण भने खुलेको छैन । आशा शर्माले धेरै टिभी शो र फिल्ममा काम गरिसकेकी छिन् । उनी सन् २०२३ मा आएको फिल्म आदिपुरुषमा शबरीको भूमिकामा देखिएकी थिइन् ।

आशा शर्माले १३ वर्षको उमेरमा आफ्नो अभिनय करियर सुरु गरेकी थिइन् । उनी फिल्म र टिभी कार्यक्रमहरूमा आमा र हजुरआमाको भूमिका खेल्नका लागि परिचित थिइन् । उनले धर्मेन्द्र र हेमा मालिनीको फिल्म 'दो दिशा' मा पनि काम गरेकी थिइन् । फिल्ममा प्रेम चोपडा, अरुणा इरानी र निरुपा रोय जस्ता कलाकारहरू पनि थिए । यस बाहेक आशा शर्माले मुझे कुछ कहना है, प्यार तो होना ही था र हम तुम्हारे है सनम जस्ता फिल्ममा पनि देखिएकी थिइन् । आशा शर्मालाई दर्शकले सानो पर्दामा धेरै देखेका छन् । उनले मनकी आवाज प्रतिज्ञा, कुमकुम भाग्य जस्ता टिभी शोमा काम गरिसकेकी छन् ।

# 'कृष ४' श्रद्धा कपुर आवद्ध हुँदै

बलिउडमा आजभोलि कमेडी, एक्सन, डिटेक्टिभ र हरर कमेडी फ्रेन्चाइजी फिल्मपछि सबैभन्दा रुचाइएको विधा सुपरहिरो फिल्म हो । बलिउडको सुपरहिरो फ्रेन्चाइजको सबैभन्दा सफल फिल्म कृषको चौथो भाग कृष ४ रिलिज हुनुअघि नै चर्चामा छ । करिब ११ वर्ष अगाडि रिलिज भएको कृषको अर्को भाग कहिले आउला भनेर फ्यानहरू पर्खिरहेका छन् । निर्माताहरू पनि फिल्म ल्याउने तयारीमा जुटेका छन् । फिल्मको मामिलामा उनीहरूले कुनै कसर बाँकी नराखेको खबर पनि आइरहेका छन् । तर फिल्म आउन केही समय लाग्नेछ । फिल्मको स्क्रिप्ट तयार भएसँगै निर्माताहरूले कास्टिङ प्रक्रिया पनि सुरु गरिसकेको फिल्ममा ऋतिक रोशनको साथमा मुख्य भूमिकामा 'स्त्री' फेम श्रद्धा कपूरलाई कास्ट गरिएको खबर पनि आइरहेको छ । तर फिल्म सम्बद्ध स्रोतले यसको खन्डन गरेको छ ।

'कृष ४' भारतको सबैभन्दा महत्त्वाकाँक्षी सुपरहिरो फिल्म हो । फिल्म प्रि-प्रोडक्शनको काम तीव्र भइरहेको छ । अहिले क्रिएटिभ टोलीले स्क्रिप्टलाई अन्तिम रूप दिइरहेका छन् । फिल्मको कास्टिङसम्बन्धी सबै समाचार झुटा हुन् । हामीले अझै कास्टिङ प्रक्रिया सुरु गरेका छैनौं,' फिल्म सम्बद्ध एउटा स्रोतले बताएको भन्दै बलिउड हंगामामा एक समाचारमा लेखेको छ । ऋतिक अहिले वार २ को सुटिङमा व्यस्त छन् । श्रद्धा कपूरको 'स्त्री २'गएको हप्ता मात्रै हलमा रिलिज भएको थियो । यो फिल्म ठूलो ब्लकबस्टर बनेको छ । कृष सन् २००३ मा आएको कोइ मिल गयाको सिक्वेल हो ।

## उपेन्द्र, महन्थ...

**दुई दल (काँग्रेस-एमाले गठबन्धन)ले जे क्रियाकलाप गरिरहेका छन् त्यो हिसाबले जनतमत पार्टी मधेश प्रदेशमा एक नम्बरको पार्टी बन्ला जस्तो लाग्छ तपाईलाई ?**

हामीले त्यही दुई दलीय तानाशाहीको कुरा उठाइरहेका छौं । हाम्रो लागि झन फाइदाको कुरा भयो । जनतालाई त्यही तानाशाहबाट बचाउँछौं र नौलो गणतन्त्रको स्थापना गर्छौं । जतिजति दुई दलको तानाशाही अगाडि बढ्छ त्यति त्यति हामीले उठाएको नौलो गणतन्त्रको बलियो हुँदै जान्छ । अहिलेको दलहरु जति तानाशाह बन्छन् त्यति नै जनमत पार्टीलाई फाइदा हुन्छ ।

अहिले बनेका दुई दलीय गठबन्धनले संविधान संशोधन गरेर के के गर्न लागेको कुरा बाहिर आएका छन् । साना दललाई समाप्त गर्ने र देशमा दुई दलीय व्यवस्था कायम गर्ने भनेको छ । प्रतिनिधि सभाबाट समानुपातिक व्यवस्था हटाउने जस्ता कुरा पनि बाहिर आएको छ यद्यपी आधिकारिक कुरा बाहिर आएको छैन । यदि त्यस्तो हो जनमतले उठाएको नौलो गणतन्त्र छिट्टै स्थापित हुन्छ र यसलाई लिएर देशमा धेरै ठूलो विद्रोह हुन्छ ।

**तपाई फरक आन्दोलनबाट स्थापित नेता, सिके राउत फरक मिसन र आन्दोलनबाट स्थापित नेता । तपाईलाई काम गर्न त्यहाँ कतिको सहज भइरहेको छ ?**

मैले अघि नै भने कि गजेन्द्रनारायण सिंहपछि मलाई अहिले जनमत पार्टीमा काम गर्न कम्फर्टेबल भएको छ । मधेशका लागि काम गरिरहेको छु जस्तो लाग्छ । सिके राउत कुन मिसनबाट आउनु भएको छ त्यो मलाई थाह भएन । विगतमा उहाँले के गर्नुभयो त्यो पनि मलाई थाह भएन तर अहिले यति भन्छु कि उहाँ मधेशका लागि इमान्दारीपूर्वक लाग्नुभएको छ । नौलो गणतन्त्रको कुरा गर्नुभएको छ । देशमा नयाँ विचारको प्रवाह गर्नुभएको छ । जनताको कुरालाई उहाँले सदैव उठाइ रहनु भएको हुन्छ । त्यसले मलाई यहाँ काम गर्न कुनै गाह्रो वा असहज छैन । बरु मलाई जसपा र राजपामा काम गर्न असहज जस्तो थियो । त्यहाँ के भइरहेको छ, कसले के गरिरहेका छन् केही पनि थाह हुँदैन्थ्यो । कुन विचार र सिद्धान्तमा काम गरिरहेको छ केही पनि स्पष्ट थिएन । तर यहाँ सबै कुरा स्पष्ट छ ।

**तपाई सबै नेताको साथमा काम गरिसक्नु भएको छ एउटा कुरा बताइ दिनुस् त मधेशमा नयाँ गठबन्धन वा मोर्चाको सम्भावना कति छ ?**

मधेशमा गठबन्धन त्यतिबेला मात्र बन्छ जतिबेला मधेशवादी दलका बजुर्ग नेतारुले विश्राम लिनुहुन्छ । अब ती नेताहरुबाट मधेशको कल्याण छैन । अब उहाँहरुले विश्राम लिएर पार्टीको नेतृत्व युवालाई दिनुपर्छ । काँग्रेस, कम्युनिष्टमा लामो समय काम गरेर मधेश राजनीतिमा आउनु भएका उहाँहरु मधेशको मुद्दामा कन्फ्युज हुनुहुन्छ । उहाँहरुको प्राथमिकतामा मधेश छैन ।

अब राजनीतिमा नयाँ जेनरेशन आइसकेका छन् । पार्टी त्यसलाई हस्तान्तरण गर्नुपर्छ । पार्टीमा सम्मानित नेताको रुपमा उहाँहरु बस्नुपर्छ । यो कुरा ममा पनि लागु हुन्छ । म पनि अब त्यो दौडमा छैन । म पनि युवालाई अगाडि बढाउन चाहन्छु । म जुन सोचका साथ राजनीति गरेका थिए त्यो सोचले अबको राजनीति हुँदैन भनि बुझेको छु । त्यसैले अबको राजनीतिमा नयाँ पुस्ता अगाडि आउनुपर्छ । त्यसलाई हामीले सहयोग गर्नुपर्छ ।

**यसको मतलब उपेन्द्र, महन्थ, राजेन्द्रहरु हुँदा मधेशमा मोर्चाबन्दी हुँदैन होइन ?**

उहाँहरुको बिचमा इगो टक्राव छ । तपाईले अघि सोध्नु भएको थियो नि कि सिके राउत मधेश आन्दोलन गर्नुभएको छैन अहिले त्यसमा हाम फाल्नु भएको छ भनि आरोप छ । हो, त्यो इगोका कारण मधेशमा एकता भइरहेको छैन । उहाँहरु पटक पटक उपप्रधानमन्त्री, मन्त्री, सांसद बन्नुभएको छ । नेपाली राजनीतिमा लामो योगदान छ भन्नुहुन्छ । जेलनेल भोगेको छु भन्नुहुन्छ ।

देश र विदेशले चिनेको छ भन्नुहुन्छ । आफूले आफूलाई कोही कसैभन्दा कम ठान्नु भएको छैन । र त्यही इगोका कारण कसैको कसैसँग कुरा मिलेको हुँदैन । त्यसैले मधेशमा अब नयाँ जेनरेशनलाई राजनीति नेतृत्व हस्तान्तरण गर्नुपर्छ । त्यसपछि मात्र केही नयाँ हुन्छ नत्र अब पुरानै दल, पुरानै नेता, पुरानै सोचले मधेशमा केही सम्भव छैन । किनभने जनताको सोचमा पनि धेरै परिवर्तन आइसकेको छ ।

**आँप/ केरा पकाउन कार्वाइड (एसिटिलिन ग्याँस) को प्रयोग नगर्ने सम्वन्धी सूचना**

*सूचना प्रकाशित मिति : २०८१/०२/३२*

खाद्य नियमावली, २०२७ को नियम १९ (घ) बमोजिम कार्वाइड (एसिटिलिन ग्याँस) को प्रयोग गरि कृत्रिम रुपमा फलफूल पकाउन तथा बिक्री वितरण गर्न निषेध गरिएको व्यहोरा सम्पूर्ण फलफूल आयातकर्ता, भण्डार तथा बिक्री वितरणमा सम्लग्न व्यवसायीलाई जानकारीका लागि सूचित गरिन्छ ।

आँप/ केरा लगायतका फलफूल खरिद गर्दा कार्टुन वा क्रेटमा माथि उल्लेखित केमिकल राखिएको देखिएमा त्यस्ता फलफूल खरिद नगर्न र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग वा मातहतका कार्यालयमा जानकारी गराइदिनुहुन अनुरोध छ। साथै फलफूल उपभोग गर्दा सफा पानीले राम्ररी पखालेर मात्र उपभोग गर्नुहुन अनुरोध छ ।

**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**
**बबरमहल, काठमाडौं ।**
**www.dftqc.gov.np, Email: info@dftqc.gov.np**
**०१-५३६२४३०, ०१-५३६२३६९**

**वडा कार्यालयको अपिल**

**तपाईको स्वास्थ्य हाम्रो अठोट**
**समयमा स्वास्थ्य बीमा गरौं, स्वास्थ्यप्रति सचेत बनौं**

नेपालको संविधानमा राज्यको निर्देशक नीति अन्तर्गत धारा ५१ (ज) १५ मा 'नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने' भन्ने व्यवस्था भए बमोजिम उक्त व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल सरकारद्वारा स्वास्थ्य बीमा ऐन, २०७४ एवं नियमावली, २०७५ जारी गरी स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्दै आएको छ । स्वास्थ्य बीमा कार्यक्रम आर्थिक वर्ष २०७२/०७३ मा कैलाली, बागलुङ र इलाम जिल्लाबाट शुरु भई चरणबद्ध रुपमा देशभरि सञ्चालन भइरहेको छ । यो कार्यक्रम स्वास्थ्य उपचारमा हुने खर्चको भारलाई व्यवस्थापन गर्ने विधि हो । आम नागरिकको उपचारमा सह पहुँच पुगोस् भन्ने यस कार्यक्रमको उद्देश्य रहेको छ । यो कार्यक्रम परिवारमा आधारित कार्यक्रम हो । यसमा परिवारका सबै व्यक्ति सदस्य बन्नुपर्छ । पाँच जनासम्मको एउटा परिवारले वार्षिक ३,५००।- तिरेर सदस्य बनेपछि स्वास्थ्य उपचार आवश्यक पर्दा एक वर्ष भित्रमा १,००,०००।- सम्मको सेवाका लागि आवश्यक रकम तिर्नु पर्दैन । नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै औरही गाउँपालिका वडा नम्बर ५ ले स्वास्थ्य बीमा रकममा ५० प्रतिशत सहयोग गरेको छ । वडा कार्यालयले १७५० रुपियाँमा मात्र बिमा गराई रहेको छ । त्यसैले आफ्नो र आफ्नो परिवारको स्वास्थ्य उपचारमा ढुक्क हुनका लागि बीमा कार्यक्रममा सहभागी बन्नुहोस् । वडा कार्यालयमा आएर सबैले स्वास्थ्य बीमा गरौं । आफ्नो र आफ्नो परिवारको स्वास्थ्यलाई ख्याल राखौं ।

***थप जानकारीका लागि स्वास्थ्य बीमा बोर्डको वेभसाइट www.hib.gov.np मा लग इन गर्नुहोस् । अथवा, औरही गाउँपालिका वडा नम्बर ५ को कार्यालयमा वा ९८१४७३०३६५ मा सम्पर्क गर्नुहोस् ।***

**मधेश प्रदेश**
**औरही गाउँपालिका, सिरहा**
**औरही वडा नम्बर ५ को कार्यालय**

**प्रोफाइल**

# विद्यार्थीकालदेखि नै पञ्चायत हटाउने संघर्षमा मागैन



■ **जीवछ उदासी**

२०१६ साल फगुन १४ गते तत्कालिन सिरहाको पडरिया गाउँपञ्चायत हाल लहान नगरपालिका-११ मा जन्मिनु भएको मागैन कामैत न्याय र समानताको लागि लोकतन्त्र र समृद्धिको पक्षमा सदा संघर्षशील व्यक्तित्व हुनुहुन्छ । चार सन्तानका पिता कामैत अहिले पनि श्रम पसिना नबगाई त्याग र सम्पर्ण नदेखाई देश र समाजको कायापलट हुन नसक्ने बताउनुहुन्छ । आफ्ना पाँच सन्तानमध्ये छोरालाई इञ्जिनियर र तीन जना छोरीलाई समेत व्याचलरसम्मको शिक्षा उहाँले दिनु भएको छ । पारिवारिक जिम्मेवारी र राजनीतिक जिम्मेवारी बहन गर्दै आइरहनु भएका कामैत एक कुशल प्रेरक व्यक्तित्व हुनुहुन्छ । आफ्नो पिताले जनिबनी गरेर हुर्काएको बाल्यकालको दुखको व्यथा सम्झेर न्याय र समानता कायम गर्न आफू बुझ्रै कम्युनिष्ट भएको उहाँ बताउनुहुन्छ ।

सुकुम्वासी भएर जन्मेका कामैत १६ वर्षकै उमेरमा नेपाल राष्ट्रिय विद्यार्थी फेडरेशनको सदस्यता लिई कम्युनिष्ट हुनुभयो । ६५ वर्षको उमेर अर्थात पाँच दशकभन्दा बढी समय बित्दा विभिन्न पद र जिम्मेबारी सम्हाल्नु भएका कामैत सुकम्बासीबाट निम्न वर्गीय परिवार किसान हुन पुग्नु भएका उहाँ कामैत भन्नुहुन्छ, 'सम्पति धेरै कमाउन नसकेकोमा पीडा छैन् तर समाज जुन गतिमा परिवर्तन हुनुपर्दथ्यो, त्यसरी परिर्वन नभएकोमा चिन्तित अवश्य छु ।' अहिले नेपाल कम्युनिष्ट पार्टी एमालेको केन्द्रिय सल्लाहकार समितिको सदस्य रहनु भएको छ । केन्द्रिय सल्लाहकारको जिम्मेबारी पाए पनि सल्लाह लिइने दिइने वातावरण नपाएकाले आफ्नो सल्लाह विचार कहाँ सुनाउने ? कम्युनिष्ट पार्टीले मार्क्सवाद लेनिनवादको पथबाट बिच्चलित भइरहेको छ । कम्युनिष्ट शक्तिहरु एक भएर जानुपर्नेमा एमाले र नेपाली काग्रेस एक ठाउँमा आएपछि यसले सही सन्देश प्रभाव गरेको छैन ।

एउटा कम्युनिष्ट पार्टी र गैर कम्युनिष्ट पार्टीमा अकाश जमीनको फरक हुने गर्दछ तर नेपालमा हुनुपर्ने काम भइरहेको छैन । नहुने पर्ने काम तथा असम्भव कुराहरु नेपालमै सम्भव भइरहेकोले राजनीति विकृति निकै बढेको उहाँको बुझाई छ । संसारमा कतैपनि कम्युनिष्ट र गैर कम्युनिष्टको गठबन्धन बन्दैन तर नेपालमा एक पटक मात्र होइन पटक पटक भएको हो तर विचारको विचलन हो । सत्ताका लागि जे पनि गर्ने प्रष्टाँइ हो ।

**राजनीति यात्रा**

२०३२ सालमा नेपाल राष्ट्रिय विद्यार्थी फेडरेशनको सदस्य भएपछि आफू कम्युनिष्ट आन्दोलनमा होमिएको उहाँ बताउनु हुन्छ । उहाँले भन्नुभयो, 'त्यतिबेलादेखि नै देशबाट पञ्चायती व्यवस्था हट्नुपर्छ र त्यसका लागि आन्दोलन गर्नुपर्छ भनि दिमागमा घुमिरहेको थियो ।' २०३६ सालको बहुदल निर्दलको चुनावमा सिरहा जिल्लामा बहुदलको पक्षमा सबैभन्दा बढी मत त्यसै आएको थिएन । त्यसमा विद्यार्थी नेताहरुको महत्वपूर्ण भूमिका थियो । सिरहामा विद्यार्थीहरुले मेहनत नगरेको भए बहुदलको पक्षमा यति धेरैदेखि मत आउने थिएन भनि मागैनको बुझाई रहेको छ । मागैन कामैत भन्नुहुन्छ, 'हाम्रो पालामा संख्यात्मक रुपमा कम थियौ तर गुणात्मक र सैद्धान्तिक रुपमा निकै बलियो थियौ । २०३८ सालमा नेपाल कम्युष्टि पार्टीको सदस्यता ग्रहण गरेपछि मार्क्सवाद अध्ययनको लागि रुस जाने अवसर पायौ । त्यहाँ दस महिना अध्ययन गरेपछि मार्क्सवाद र लेनिनवादबारे ठोस ज्ञान पायौ ।'

मार्क्सवादी र लेनिनवादी विषयमा प्रथम श्रेणीमा पास भएर आएपछि नेपालमा पनि यस्तै संगठन निर्माण गर्ने प्रण गरेर नेपाल फर्केको कामैत भन्नुहुनछ, 'रुसबाट फर्केर आएपछि महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पस इकाइको विद्यार्थी संगठनको सदस्य भएर विद्यार्थी आन्दोलनमा निकै उत्साहित भएर लागेको थिए ।' घरको आर्थिक अवस्था नाजुक रहेको कारण आएभन्दा बढी पढन नसकेको कामैत त्यसपछि काठमाणैमा पार्टीले खोलेको नेपाल प्रगतिशील पुस्तकमा सह प्रबन्धक भएर काम गर्नु भएको थियो । नेपाल कम्युनिष्ट पार्टीको काठमाण्डौ जिल्ला कमिटिको सदस्यको जिम्मेबारीमा रहेर पनि भूमिका निर्वाह गर्नु भएको कामैत २०४३ सालमा गृह गाँउ पडरिया फर्केर पञ्चायत विरुद्धको आन्दोलनमा लाग्नु भएको थियो । २०४६ सालमा पञ्चायत विरुद्धको आन्दोलनमा आफू जीवन मरन हातमा लिएर नेताजी राजेन्द्र चौधरी र खडग नारायण चौधरी समेत गरी तीन जना नेताको रुपमा सक्रिय रहेको कामैतले सुनाउनुभयो ।

**२०४६ सालपछि झन क्रियाशील**

नेपाल कम्युनिष्ट पार्टीको संस्थापक सदस्य र प्रजातान्त्रिक युव संघको सिरहा उपाध्यक्षको जिम्मेबारी समेत निर्वाह गर्नु भएको कामैत २०४९ सालमा भएको स्थानीय निर्वाचनमा पडरिया गाउँ विकास समिति वडा नम्बर -४ को निर्बिरोध वडाध्यक्ष हुनुभएको थियो । त्यसपछि २०५४ सालको स्थानीय निर्वाचनमा पडरिया गाउँ विकास समितिको अध्यक्षमा निर्वाचित हुनु भएको थियो । त्यस गाउँ विकास समितिमा तीसभन्दा बढी कामैत जाती नभए पनि गाउँ विकासमा निर्वाचित भएपछि जतातत्तै चर्चा हुन्थ्यो र अहिलेपनि त्यो प्रसङग उठ्ने गर्छ पडरियामा एक घर कामैत पनि गाँउपालिका अध्यक्ष हुनुभयो । यसले पुष्टि हुन्छ कि वैचारिक कम्युनिष्ट पार्टीको संगठनका नेता राजेन्द्र प्रसाद चौधरी र मागैन कामैत असल संगठककर्ता हुनुहुन्थ्यो ।

गाउँ विकास समितिको अध्यक्ष भए । त्यसपछि भएका कुनै पनि निर्वाचनमा पार्टीले उहाँलाई उम्मेदबार पनि बनाएन । त्यसपछि उहाँले पनि चुनाव लड्ने मन बनाउनु भएन । उहाँ भन्नुहुन्छ, 'पछिल्लो चुनावमा जाति र पैसा हावी भएपछि त्यसमा भाग लिने मनै भएन । चुनाव लड्ने मन नै मरेको छ । नेकपा एमालेको इलाका सचिव भएर दस वर्षसम्म उहाँले निरन्तर काम गर्नुभयो । एमाले जिल्ला कमिटि सदस्य समेत भइसक्नु भएका मागैन कामैत देशमा संघीय लोकतान्त्रिक गणतन्त्र आएपछि मधेश प्रदेश कमिटिका सदस्य तथा सहकारी विभागको सदस्य र पार्टीको केन्द्रिय सल्लाहकार समिति सदस्य पदमा रहेर निरन्तर पार्टीमा आवद्ध भएर काम गर्नुभयो । विचारभन्दा जाति र पैसावालाहरुको पार्टीमा एकक्षत्र राज्य कायम भएपछि निरास भएको मागैन कमैत आफ्नो वैचारिक धारमा खिया लाग्न दिनु भएको छैन ।

**सहकारीमा सक्रियता**

२०५७ सालदेखि शुभ लक्ष्मी रिन तथा वचत सहकारीको सचिवको जिम्मेबारी सम्हालेर सहकारी क्षेत्रमा लाग्नु भएको मागैन कामैत साना किसास सहकरी पडरियाको अध्यक्ष, साना किसान सहकारी सिरहाका अध्यक्ष रहनु भएको उहाँ सहकारी प्रशिक्षकको रुपमा पनि चिनिनुहुन्छ । साना किसान सहकारी पडरियामा नौसय सदस्य रहेको त्यस सहकारीमा ९० प्रतिशत महिला र सतप्रतिशत असुली गरेर नमूना सहकारी बनाउनु हुने कामैत भन्नुहुन्छ, ' जहाँ जहाँ जिम्मेबारी पाए नमूना काम नै गरेको छु । एकपटक लहान नगरपालिकाको नगरप्रमुख बनाउने पार्टीले जिम्मेबारी दिए लहानलाई देशमै नमूना बनाएर देखाइदिने ज्ञान आफूसुँग छ ।' साना किसान पडरियाले महिला नेतृत्व र आय आर्जनमा जोड दिएर सुरुमा तीस हजार ॠण मात्रै दिइने सहकारीले अहिले पचास लाखसम्म ॠण दिइने कार्य गरिरहेको छ ।

**नियमित अध्ययन**

मागैन कामैत हावाको कुरामा कहिले विश्वास गर्नुहुन्न । तथ्य र वैज्ञानिक आधार भएको कुरा मात्र विश्वास गर्नुहुन्छ । नियमित अध्ययन गने उहाँको बानी रहेको छ । पढ्ने कोठाको दराजमा क्मयुनिष्ट पार्टीले अध्ययन गर्ने किताव, सहकारी किताब र धर्मसम्बन्धी किताब अलग्गै अलग्गै राखेर अध्यनन गर्ने उहाँको बानी रहेको छ । उहाँ २०५४ सालमा गाँउपालिका अध्यक्ष हुँदा पडरियामा ्रहेको सृजना सामुदायिक पुस्तकालयलाई व्यवस्थित गरेर नयाँ पुस्ताहरु समेत अध्ययन गर्ने बानी बसाउनुपर्छ भने अभियान नै चलाउनुभयो । केहि दिन अगाडि सिरहा लक्ष्मीपुर पतारी -२ पोखरभिण्डाक वरिष्ट शास्त्रीय संगीतका साधक गुरुदेव कामैतसँग युवा कालमा नाटक समेत खेलेर समाजलाई जागरुक्क बनउने कार्य गरेको सुनाउनुभयो ।।

**साधारण जीवनशैली**

मगैन कामैत सदा जीवन उच्च विचार राख्नु हुने व्यक्तित्व रहेको कुरा फरक विचार राख्ने राजनीति दलका नेताहरुकोपनि ठम्याइ रहेको छ । नेपाली काँग्रेसका नेता रामसुन्दर चौधरीको नजरमा मागैन कामैत शिष्ट व्यक्तित्व क्रान्तिकारी छवि मिठो बोली र तर्कले जित्ने स्वभावको हुनुहुन्छ । उहाँ जस्तो नेतालाई पार्टीहरुले केन्द्रिय सदस्य र समानुपातिकमा भएपनि संसद बनाउनुपर्ने हो तर जाति र पैसाले राजनीतिमा प्रभाव राख्न थालेपछि योग्यता दक्षता अनुभव अनुसारको राजनीति कद र पद पाउन नसकेको मानव अधिकारवादी नेता राजकुमार राउतको पनि ठम्याई रहेको छ ।

---

**पाँच महिनामै...**

मनिष सुमनलाई प्रवक्ता बनाइएको छ जब कि विधान अनुसार पार्टीका अध्यक्ष प्रवक्ता रहने भनिएको छ । विधानमा एक जना मात्र महासचिव हुनुपर्छ, भनि उल्लेख छ तर अध्यक्ष यादवले एउटा महासचिव थपेर भए पनि रामकुमार शर्मालाई त्यो पद दिएकोमा पार्टीमा त्यसको आलोचना भइरहेको छ । तर पार्टीमा अर्को पनि तर्क छ, रामकुमार शर्मा जसपा नेपालका पुरानो नेता हुनुहुन्छ । मधेशी जनअधिकार फोरम नेपालका संस्थापकमध्येका एक हुनुहुन्छ । उहाँ उपेन्द्र यादवसँग लामो समय काम गर्नुभएको हो । आन्दोलनसम्म उहाँ उपेन्द्र यादवसँगै हुनुहुन्थ्यो । आन्दोलनको क्रममा सरकारसँग २२ बुँदे सम्झौता हुँदा उहाँ त्यसमा असहमति जनाउँदै अर्को पार्टी बनाउनु भएको थियो ।

तर पछि त्यो पार्टी छाडेर महन्थ ठाकुरसँग मिलेर तमलोपा बनाउनुभयो । तर तमलोपामा पनि टिक्नु भएन । संविधान सदस्य भएकै बेला उहाँ पार्टी छाडेर माओवादीमा जानुभएको थियो । जतिबेला उहाँ मधेशी जनअधिकार फोरममा हुनुहुन्थ्यो त्यतिबेला उहाँ माओवादी हुनुहुन्थ्यो । तमलोपामा जाँदा उहाँ माओवादी त्याग्नुभएको थियो । पछि तमलोपाबाट माओवादीमा नै फर्किनु भएको थियो । त्यसपछि माओवादीमा उहाँ लामो समय रहनुभयो । गत बैशाखमा उहाँ माओवादी छाडेर जसपा नेपालमा जानु भएको हो । उपेन्द्र यादव निकट नेताहरु भन्नुहुन्छ, 'रामकुमार शर्मा जसपा नेपालका पुराना नेता हुनुहुन्छ उहाँ अर्को पार्टीमा जानुभएको थियो घर फर्किनु भएको छ त्यही भएर उहाँलाई पार्टीका अध्यक्ष उपेन्द्र यादवले महत्वपूर्ण जिम्मेवारी दिनुभएको छ ।'

तर रामकुमार शर्मालाई महासचिव बनाउनु पनि विधान विपरित रहेको छ । पार्टीको विधानको धारा ८५ अनुसार रामकुमार शर्मालाई महासचिव बन्ने योग्यता पुग्दैन । विधानमा भनिएको छ, 'केन्द्रीय समितिको पदाधिकारीका लागि उम्मेदवार हुन केन्द्रीय समितिको सदस्य वा प्रदेश/राष्ट्रिय समितिको अध्यक्ष भइ कम्तीमा पाँच वर्ष काम गरेको हुनुपर्छ ।' तर सोही धारामा अन्य पार्टी परित्याग गरी पार्टीमा प्रवेश गरेका व्यक्तिको हकमा पहिलो पटकका लागि महाधिवेशन वा अधिवेशनको प्रतिनिधि हुन कुनै पनि समिति र निकायको पदका लागि पार्टी सदस्यताको अवधिसम्बन्धी बाध्यात्मक व्यवस्था लागु नहुने भनिएको छ ।

राष्ट्रिय महाधिवेशनमा प्रतिनिधि चुनिनका लागि कम्तीमा १० वर्ष संङठित पार्टी सदस्य भएर काम गरेको हुनु पर्नेछ तर, जातीय/सामुदायिक समावेशी र महिलाको हकमा सात वर्ष संगठित पार्टी सदस्य भइ काम गरेको भए योग्य ठहरिने पार्टीको विधानमा उल्लेख छ । त्यस्तै, केन्द्रीय समितिको सदस्यको उम्मेदवार हुनका लागि संगठित पार्टी सदस्य भइ कम्तीमा १० वर्ष पार्टी सदस्य भएर केन्द्रीय समिति वा केन्द्रीय निकाय वा प्रदेश/राष्ट्रिय समितिको सदस्य वा केन्द्रीय विभागको सदस्य वा जिल्ला समितिको पदाधिकारी वा जनवर्गीय संगठनको केन्द्रीय पदाधिकारी भइ एक कार्यकाल वा लगातार पाँच वर्षसम्म काम गरेको हुनुपर्ने पनि उल्लेख छ ।

## कृषक पाना

# धान सप्रेको कारण किसान खुशी, धान उत्पादन हुने विश्वास



यसपटक धान सप्रेको कारण किसान खुशी देखिएका छन् । यो वर्ष अरु वर्षको तुलनामा समयमा धान रोपाइ भयो । समयमा धान मात्र रोपाइ भएन विगतमा भन्दा रोपाई पनि धेरै भएका छन् । यस पटक मनसुनले साथ दिँदा ९८.५ प्रतिशत रोपाइँ भएको छ । कृषि तथा पशुपन्छी मन्त्रालयका अनुसार अघिल्लो वर्ष ९४.६ प्रतिशतम मात्र भएको थियो अर्थात चार प्रतिशत रोपाइँ भएको छ । १३ लाख ९८ हजार ९८५ हेक्टर क्षेत्रफलममध्ये १३ लाख ७८ हजार ६११ हेक्टर क्षेत्रफलमा रोपाइँ भएको छ ।

धान रोपाईमा सबभन्दा पछाडि रहेको मधेशमा पनि यसपटक प्रगित भएको छ । मधेश प्रदेशमा यसपटक ९७.३ प्रतिशतमा रोपाइँ भएको छ । जबकि अघिल्लो वर्ष ८९.२ प्रतिशत रोपाई मात्र भएको थियो । मधेशमा मात्र गत वर्षको तुलनामा ८ प्रतिशतभन्दा बढी क्षेत्रफलमा धान रोपाई भएको छ । मधेश प्रदेशमा तीन लाख ८६ हजार १५० हेक्टर क्षेत्रमध्ये तीन लाख ७५ हजार ६१४ हेक्टर क्षेत्रफलमा रोपाइ भएको छ । गत वर्ष कोशी प्रदेशमा ९७.७ प्रतिशत रोपाइ भएको थियो भने यस वर्ष ९९.६ प्रतिशत रोपाइँ भएको छ ।

बागमती प्रदेशमा गत वर्ष ९३.३ प्रतिशत रोपाइ भएको थियो । यसवर्ष ९९.२ प्रतिशत रोपाइ भएको छ । त्यस्तै गण्डकी प्रदेशमा गतवर्ष ९५.३ प्रतिशत रोपाइ भएको थियो भने यस वर्ष ९७.८ प्रतिशत रोपाइ भएको छ । लुम्बिनी प्रदेशमा गत वर्ष ९५ प्रतिशत रोपाई भएको थियो, यस वर्ष ९८.३ प्रतिशत भएको छ । कर्णाली प्रदेशमा गत वर्ष ९८.५ प्रतिशत रोपाई भएको थियो भने यस वर्ष ९९.२ प्रतिशत भएको छ । सुदूरपश्चिम प्रदेशमा गत वर्ष ९४.६ प्रतिशत मात्र रोपाई भएको थियो तर यसपटक शतप्रतिशत भएको छ । रोपाइ पनि समयमा हुनु, धान पनि सप्रिनु, क्षेत्रफल पनि विस्तार हुनुले किसान खुशी हुनु स्वभाविक हो । यस्तै गरी, सबै कुरा ठिकठाक रह्यो भने धान उत्पादनमा वृद्धि हुने निश्चित रहेको कृषि मन्त्रालयले जनाएको छ ।

समयमा पानी परेको कारण अरु वर्षको तुलनामा धान पनि सप्रको छ । खेतमा लहलहाउँदो हरियो धान हेर्दा किसानहरु दंग छन् । यो वर्ष समयमा भदौ दोस्रो सातासम्म आकाशे वर्षाले साथ दिँदा धान बाली राम्रोसँग हुर्किरहेको छ । बेलाबेलामा पानी परिरहेकाले धानको बोट राम्रो रहेको किसानले बताएका छन् । असार अन्तिम साता धान रोप्न सुरु भएदेखि अहिले मलखाद गर्ने बेलासम्म वर्षा भइरहेकाले धान बालीमा प्रशस्त गाँज हालेर हुर्किरहेको किसानको भनाई छ । पर्याप्त वर्षा भएकाले यो वर्ष सबैजसो किसानले धान रोपाइँ गर्न पाएका छन् । कुनै पनि फाँट बाँझो छैन ।

पानीले साथ दिइरहेको र धानमा रोग कीराको प्रकोप नदेखिएकाले किसान खुसी देखिका छन् । सर्लाही चन्द्रनगर गाउँपालिका-३, बडकुर्वाका प्रमोद महतोले पर्याप्त आकाशे वर्षा भइरहेकाले अहिलेसम्म धान बालीमा पानी पठाउनु नपरेको बताउनुभयो । "पोहोर साल खडेरीका कारण यो बेलासम्म धान बालीका लागि सिँचाई गर्न बारम्बार पम्पसेट चलाएर पनि पटाउनु पर्थ्यो तर यसपटक वर्षाको पानीले नै खेत सिंचित छ, महतोले भन्नुभयो, "अहिलेसम्म धानको बोट राम्रो छ, यसैगरी पानी पर्दिरह्यो भने धान उत्पादन राम्रो हुन्छ ।" अधिकांश किसानले धान गोडमेल गरेर मलखाद समेत गरिसकेका छन् । असारमै रोपेको धान पोटाउन समेत थालिसकेको छ । कृषि ज्ञान केन्द्र सर्लाहीले आकाशे वर्षाले यसैगरी साथ दिइरहे धान उत्पादनमा वृद्धि हुने जनाएको छ ।

जल तथा मौसम विज्ञान विभागका महानिर्देशक डा जगदीश्वर कर्माचार्यले मनसुनयता अहिलेसम्म औसतभन्दा बढी पानी परेको बताउनुभयो । भदौ ८ गतेसम्म ८४.८ प्रतिशत अर्थात् देशभर औसतमा १२ सय ५४ मिलिमिटर पानी परेको थियो । कृषि तथा पशुपन्छी मन्त्रालयका अनुसार झन्डै ५० प्रतिशत रोपाइँ मनसुनी वर्षाकै भरमा सम्पन्न हुने गरेका छन् । सबै क्षेत्रमा सिँचाइको पहुँच पुग्न नसक्दा ५० प्रतिशतभन्दा बढी रोपाइँ आकाशबाट पर्ने पानीकै भरमा सम्पन्न हुने गरेको हो । राष्ट्रिय धान अनुसन्धान कार्यक्रमका संयोजक डा. मथुरा यादवले राम्रो वर्षा हुँदा र समयमा नै धान रोपाइँ सम्पन्न भएमा धानको उत्पादनमा पनि वृद्धि हुने बताउनुभयो ।

कृषि मन्त्रालयको तथ्याङ्कअनुसार गत आर्थिक वर्षमा धानको कूल उत्पादन गत आर्थिक वर्षभन्दा ४.३३ प्रतिशतले वृद्धि भई ५७ लाख २४ हजार २३४ मेट्रिकटन पुगेको थियो । जुन विगत चार वर्षको औषत उत्पादनको तुलनामा ५.०८ प्रतिशतले बढी हो । कूल धानबाली भित्र्याइएको क्षेत्रफल आर्थिक वर्ष ०७९-८० को तुलनामा ०.६१ अर्थात् आठ हजार ८०० हेक्टरले कमी भई १४ लाख ३८ हजार ९८९ हेक्टर कायम हुन पुगेको छ । यो क्षेत्रफल अघिल्लो चार आर्थिक वर्षको औसत क्षेत्रफलको तुलनामा १.७३ प्रतिशतले कम हो । धानबालीको औसत उत्पादकत्व गत आर्थिक वर्षको तुलनामा ४.९७ प्रतिशतले वृद्धि भई ३.९८ मेट्रिक टन प्रतिहेक्टर पुगेको छ जुन गत चार वर्षको औसत उत्पादकत्वभन्दा ६.९२ प्रतिशतले बढी हो ।

# मन्त्रीलाई कसले रोक्दैछन् भुक्तानी दिलाउन ?

काँग्रेसका नेता रामनाथ अधिकारी कृषि तथा पशुपन्छी विकास मन्त्रीमा नियुक्त भएर आएदेखि नै एउटा कुरा पटक पटक दोहोर्‍याउनु भएको छ, ' किसानबाट उधारोमा दुध खरिद गरेर नगदमा बेच्ने डेरी उद्योगीले भुक्तानी किन दिँदैन ?' त्यति मात्र होइन, मन्त्री अधिकारीले भन्नुभयो, 'डेरी उद्योगीले किसानसँग उधारोमा खरिद गरेर नगदमा बेचेको दुधबाट तर झिकि सकेका हुन्छन् त्यसबाट घीउ, मही समेते बेचेर आम्दानी लिइसकेका हुन्छन् तैपनि किसानको भुक्तानी किन हुँदैन ।'

यो कुरा नीजि डेरीलाई मात्र होइन सरकार मातहतमा रहेको दुग्ध विकास संस्थान (डिडिसी) लाई पनि उहाँलाई भन्नु भएको हो । नीजि डेरीले धेरै बक्यौता राखेको छैन, थोरै मात्र बाँकी छ । डिडिसीले मात्र एक अर्ब भन्दा बढी रकम बाँकी राखेको छ । डिडिसी कृषि मन्त्रालय मातहतको संस्थान हो । त्यो रकम पनि मन्त्रीले भुक्तानी गराउन सकिरहनु भएको छैन । डिडिसीमाथि पनि उहाँले आलोचना गरेर बस्नु भएको छ । अहिले कृषि मन्त्रालयका सहसचिव सूर्य पौडेल डिडिसीका कार्यबाहक महाप्रबन्धक हुनुहुन्छ । र मन्त्रीले नै भुक्तानी दिलाउनमा लचारी देखाइ रहनु भएको छ ।

मन्त्री अधिकारीलाई यी सब कुरा थाह हुँदाहुँदै किसानको बक्यौता रकम भुक्तानी गराउन कसले रोकेको भनि टिप्पणी भइरहेको छ । मन्त्री अधिकारी आएपछि डेरी उद्योगी र किसानलाई मन्त्रालयमा बोलाएर पटक पटक छलफल गर्नुभएको छ । भुक्तानी गर्ने भनि सहमतिपत्रमा हस्ताक्षर पनि भयो तर डेरी उद्योगीले भुक्तानी किन दिएनन यसको जवाफ दिनुको सट्टा मन्त्री अधिकारीले आफ्नो लचारीपना देखाइ रहेको किसानहरुले गुनासो गर्नुभएको छ । किसानबाट उधारोमा दुध खरिद गरेर नगदमा बेच्दा पनि किसानले किन भुक्तानी पाउँदैन भनि छानविन गरेर किसानलाई भुक्तानी दिलाउन किसानहरुले माग गरेका छन् ।

भदौं ९ गते कृषि मन्त्रालयमा भएको पत्रकार सम्मेलनमा पनि कृषि मन्त्री अधिकारीले डेरी उद्योगी किसानको भुक्तानी दिएको छैन जति छिटो दिलाउन कोसिस आफूले गर्ने भन्नुभयो । दुध किसानले मात्र एक अर्ब २७ करोड रुपियाँ पाउनुपर्ने हो त्यो कहिले पाउने हो टुगों छैन । तर मन्त्री अधिकारीले भन्नुभयो, 'किसानको भुक्तानी यो भदौं मसान्तभित्र जसरी पनि दिइहाल्नु पर्छ भदौं मसान्तभित्र दिन सकिएन भने दशैंभन्दा पहिले जसरी पनि भुक्तानी गरिसक्नुपर्छ ।'

दुध किसानले एक अर्ब २७ करोड रुपियाँ पाउन बाँकी छ । त्यसमध्ये एक अर्ब रुपियाँ भन्दा बढी रकम डिडिसीको बाँकी छ । साउन मसान्तसम्म ३३ करोड ५७ लाख भुक्तानी भइसकेको बताउँदै मन्त्री अधिकारीले उखु किसानले पनि एक अर्ब ३० करोड अनुदान रकम नपाएको बताउनुभयो । आठ जिल्लाका करिब ६५ हजार उखु उत्पादक किसानलाई उपलब्ध गराउनुपर्ने रकम हो । उखु बिक्री गरी क्रसिङ गराएवापत सरकारले प्रतिक्विन्टल ७० रुपियाँ प्रोत्साहन अनुदान दिन्छ । तर हालसम्म सो अनुदान रकम उपलब्ध गराएको छैन । उखु खेती मुख्यतः सर्लाही, मोरङ, सिरहा, धनुषा, महोत्तरी, रौतहट, बारा, पर्सा, नवलपरासी, कैलाली, कञ्चनपुरलगायत जिल्लामा हुन्छ ।

डिडिसी, कृषि सामग्री कम्पनी लिमिटेड, कपास विकास समिति, कृषि अनुसन्धान परिषद्लगायत संस्थाको पुनःसंरचनाका लागि गृहकार्य थालिएको पनि मन्त्री अधिकारीले बताउनुभयो । रासायनिक मल खरिद प्रक्रियालाई छिटो र छरितो बनाउन निजी क्षेत्रलाई पनि मल खरिद र वितरणमा सहभागी गराइने मन्त्री अधिकारीले बताउनुभयो ।


"नियमितदूध सेवन गरौं, रोग प्रतिरोधात्मकक्षमता बढाऔं"

**दूध एक फाइदाअनेक**

दूधमाचिल्लोपदार्थ, प्रोटिन, कार्बोहाइड्रेड, खनिजपदार्थ र भिटामिन जस्ता शरीरलाई आवश्यक पर्ने तत्वहरु पाइने हुंदादूधलाई एक उत्तमखाद्यपदार्थको रुपमालिईन्छ । चिल्लो पदार्थले शरीरलाई शक्तिप्रदानगर्दछ । ल्याक्टोजले तुरुन्तशक्तिप्रदान गरी शरीरमा स्फूर्ति आई पुनःकाममा सक्रियहुन मद्दत गर्दछ । प्रोटिनले शरीरको कोषिका, तन्तु लगायतशारीरिक वृद्धि गरी शरीरलाई शक्ति समेत प्रदानगर्दछ । दूधमा भिटामिन A, D, E, K, B-Complex पाईन्छन । यी भिटामिनले रतन्धो हुनबाट जोगाउने, प्रजननक्षमताको विकास गर्ने तथाशारीरिक वृद्धि विकास, हाड तथामांसपेशीहरु मजबुतपार्नुका साथै खानाखाने रुची जगाउँदछ । शरीर बृद्धिको लागिआवश्यकपर्ने लवणहरु क्यालसियम, फस्फोरस, म्यागनेसियम, क्लोरिन, पोटासियम, सोडियम आदिदूधमापाईन्छन् । यसले शरीरिक सन्तुलन राख्नुका साथै शारीरिक विकास गर्दछ साथै दूधमापाईने Lactoalbumin र Lactoglobulin ले Immunity powe rबढाउनमा समेत मद्धतगर्दछ ।नेपालको खाद्यनियमावलीअनुसार प्रशोधित १०० ग्राम दूधबाट करिब ६० क्यालोरी शक्तिप्राप्त हुन्छजसले रोग प्रतिरोधात्मकक्षमताअभिवृद्धि गराउनमा सहयोग पुर्‍याउछ ।

**राष्ट्रिय दुग्ध विकास बोर्ड**

**ललितपुर, नेपाल**

**फोन. ०१–५५२५४००**







## आरजुबाट...

भारत भ्रमणको तयारी चलिरहँदा मन्त्रीपरिषद्बाट त्यसलाई अनुमोदन गराउनुपर्छ। परराष्ट्रमन्त्री आरजुले भारत भ्रमणको प्रस्ताव मन्त्रिपरिषद्मा लग्नु भएको थियो। भारतको औपचारिक भ्रमण भएको र त्यहाँका राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट्ने चाँजो पाँजो मिलाई रहेको कारण त्यही अनुसार तयारी गरेर जानुपर्छ भनि उहाँले मन्त्रीपरिषद्मा प्रस्ताव लग्नुभएको थियो। तर प्रधानमन्त्री केपी शर्मा ओलीले तपाई स्वास्थ्य उपचारमा जाँदै हुनुहुन्छ, यतिका कर्मचारी र तयारीका साथ किन जानु पर्‍यो प्रधानमन्त्री मोदी र राष्ट्रपति मुर्मुसँग भेटघाट सम्भव नै हुँदैन, विदेशमन्त्रीसम्मलाई भेटेर आउनुस्। एक दुई जना सहयोगी यहाँबाट लग्नुस् आवश्यकता पर्‍यो भने त्यहाँका दुतावासबाट कर्मचारीलाई पनि प्रयोग गर्नुहोला भनि भन्नुभएको थियो।

उहाँले आफ्नो भ्रमण दलमा एक जना सहसचिवसहित पाँच जनाको नाम दिनुभएको थियो। त्यसमध्ये तीनको नाम काट् दिनुभयो। परराष्ट्रमन्त्री आरजु नेपालबाट मन छोटो बनाएर त जानुभयो तर प्रधानमन्त्री ओलीलाई यसपाली देखाइ दिने भनि अठोट पनि लिनुभएको थियो। आफ्नो भारत भ्रमणलाई विशेष बनाउने भनि ठानेर नै उहाँ भदौं २ गते भ्रमणका लागि भारत जानुभयो। प्रधानमन्त्री ओलीले आरजुको भ्रमणलाई निकै हल्का रुपमा लिनुभएको थियो। उपचारका लागि गइरहनु भएको छ, त्यसक्रममा एक दुई जनालाई भेटेर फर्किनु हुन्छ भनि ठान्नुभएको थियो प्रधानमन्त्री ओली।

तर परराष्ट्रमन्त्री आरजु प्रधानमन्त्री र राष्ट्रपतिलाई जसरी पनि भेट्ने भनि पावर लगाउनुभयो। आरजु परराष्ट्रमन्त्री मात्र होइन, देशका सबभन्दा ठूलो पार्टीका सभापति शेरबहादुर देउवाको श्रीमती पनि हुनुहुन्छ। अर्थात 'नेक्स्ट पीएम' का श्रीमती हुनुहुन्छ। शेरबहादुर देउवा नेपालमा छ पटक प्रधानमन्त्री भइसक्नु भएको छ। देउवा प्रधानमन्त्रीको रुपमा भारतको भ्रमण गर्दा आरजु फस्ट लेडीको रुपमा हरेक भ्रमणमा हुनुहुन्थ्यो। प्रधानमन्त्री मोदीलाई हरेक भ्रमणमा परराष्ट्रमन्त्री आरजुले भेटनु भएका छ। यस्तो ' पावरफुल लेडी'ले पावर लगाएपछि प्रधामन्त्री मोदी नभेट्ने कुरा नै हुँदैन। भदौं ३ गते रक्षाबन्धनकै दिन परराष्ट्रमन्त्री आरजुले सुरुमा विदेशमन्त्री एस.जयशंकर भेट्नुभयो र साँझमा प्रधानमन्त्री मोदीसँग भेट्नुभयो।

प्रधानमन्त्री मोदीले परराष्ट्रमन्त्री आरजुसँगको भेटलाई प्रधानमन्त्री हराहारीकै सम्मान र महत्व दिनुभयो। त्यो महत्व किन झल्कियो भने प्रधानमन्त्री मोदीले आफ्नो साथमा प्रधानमन्त्रीका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल, विदेशमन्त्री एस जयशंकर, विदेशसचिव विक्रम मिस्री, मोदीका निजी सचिव पिके मिश्र र नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तव उपस्थित थिए। यसखालको उपस्थिति हतपत कुनै प्रधानमन्त्री भ्रमणमा पनि हुँदैन। यसले पुष्टि हुन्छ कि प्रधानमन्त्री मोदीले परराष्ट्रमन्त्री आरजुको भेटलाई विशेष महत्व दिनुभएको छ।

भेट मात्र होइन, भारतले त्यति नै बेला नेपालबाट थप २५१ मेगावट विद्युत् खरिद गर्ने घोषणा गर्‍यो। अब अगामी दिनमा भारतले नेपालबाट १,००० मेगावाटसम्म विद्युत् निर्यात गर्न सक्ने परिस्थिति बन्नुलाई नेपालमा महत्वका साथ हेरिएको छ। प्रधानमन्त्री ओलीका लागि निकै ठूलो झटकाका विषय थियो। भारतले परराष्ट्रमन्त्री आरजुलाई यति महत्व दिन्छन् भने कुराको कुनै नोटिस थिएन उहाँलाई। भारतका प्रधानमन्त्रीसँग भेटहुन्छ भनि प्रधानमन्त्री ओलीले कल्पना समेत गर्नुभएको थिएन। यो विद्युत आयातको कुरा धेरै टाढाको विषय थियो। यी दुईटा विषयले प्रधानमन्त्री ओलीलाई नराम्रो झटका दियो र झस्कायो पनि।

भारतले नेपालमा ओलीले सरकारको नेतृत्व लिएकोमा रुचाएको छैन। बरु माओवादी-काँग्रेसकै गठबन्धन ठिक थियो भनि भारतको बुझाई रहेको छ। भारतले आफ्नो नेतृत्वको सरकारलाई नरुचाएको कुरा प्रधानमन्त्री ओलीले राम्रोसँग बुझ्नु भएको छ। त्यस अवस्थामा भारतले परराष्ट्रमन्त्री आरजुलाई यतिका महत्व दिएपछि प्रधानमन्त्री ओली झस्किनु स्वभाविक हो। यहाँसम्म कि परराष्ट्रमन्त्री आरजु प्रधानमन्त्रीका दावेदार पनि हुनुहुन्छ। अर्को टर्म देशको प्रधानमन्त्री काँग्रेसबाट शेरबहादुर देउवा भनिएको छ तर शेरबहादुर देउवाको ठाउँमा आरजुलाई प्रधानमन्त्री बनाउने खेल भइरहेको छ वा गठबन्धन भत्काएर पनि आरजुलाई प्रधानमन्त्री बनाउने सम्भावनाका कुरा पनि भइरहेको छ। प्रधानमन्त्री ओलीले नै घोषणा गर्नुभएको थियो। अबको प्रधानमन्त्री महिलाबाट हुन्छ र आफू त्यसको सम्पूर्ण पहलकदमी लिने आफूले लिने भन्नुभएको थियो।

यसअघि आरजुले माओवादी-काँग्रेस गठबन्धन बनाउनुमा महत्वपूर्ण भूमिका खेल्नु भएको थियो। माओवादी-काँग्रेसको गठबन्धनले निरन्तरता पाओस् भनि आरजुले भारतै गएर धेरैपटक प्रयास गर्नुभएको हो। त्यही दौडधुपका कारण बिग्रिसकेका काँग्रेस-माओवादीको गठबन्धन भत्केर पनि पटक पटक मिलेर पुन गठबन्धन बनेकै हो। यो कुरा एमालेका अध्यक्ष समेत रहनु भएका प्रधानमन्त्री ओलीलाई थाह नभएको होइन। सबै कुरा थाह भइरहेको अवस्थामा भारतले त्यत्रो महत्व दिएपछि झस्किनु पर्ने आवश्क थियो।

अब आफू तत्कालै भारत भ्रमणमा गइयो भने भने आरजु जतिको पनि महत्व भएन भने भ्रमणको अर्थ रहदैन भन्दै भदौंमा हुने भ्रमणलाई स्थगित गर्नुभएको छ। भर्खरै आरजुलाई भारतले त्यत्रो महत्व दिएको छ। त्यसले आफ्नो भ्रमणलाई फितलो बनाउने हो कि  प्रधानमन्त्री ओली भारत भ्रमणमा नगएर अमेरिका भ्रमणमा जान लाग्नुभएको हो। अमेरिकमा हुन लागेको संयुक्त राष्ट्र संघको महासभामा भाग लिन त्यहाँ गइरहनु भएको छ। आरजुले भारतमा त्यत्रो सम्मान र महत्व नपाएको भए प्रधानमन्त्री ओलीले अमेरिका जानु भन्दा पहिले भारतको भ्रमण गर्नुहुन्थ्यो। प्रधानमन्त्रीको भ्रमणमा हुनुपर्ने कुरा परराष्ट्रमन्त्रीकै भ्रमणको क्रममा भइसक्यो अब तत्कालै त्यहाँ जानुको अर्थ नरहने भनि भारत भ्रमण तत्काल त्यागेर अमेरिका जाने तयारीमा प्रधानमन्त्री ओली हुनुहुन्छ।

## जनमतका...

उपर चित्त नबुझे कुनै पनि सदस्य वा समितिले माथिल्लो समितिमा पुनरावेदन दिन सक्ने उपाध्यक्ष साहले बताउनुभयो।

पार्टीको वैधानिक व्यवस्था र कार्यक्रमको विपक्षमा सार्वजनिक क्रियाकलाप गरेमा , पार्टीको निर्णय खुला रुपले उल्लघंन गरेमा, पार्टीभित्र गुटबन्दी वा षड्यन्त्र गरेको प्रमाणित भएमा, पार्टीको नीति, नियम, निर्णय र कार्यक्रमहरूको विरोधमा सार्वजनिक अभिव्यक्ति दिएमा वा दुस्प्रचार गरेमा, पार्टी र नेत्तृत्वप्रति निष्ठा र विश्वास नरहेको प्रमाणित भएमा पार्टीले अनुशासन उल्लघंन भएको मानिने उपाध्यक्ष साहले बताउनुभयो। त्यस्तै पार्टीको प्रतिष्ठा र मर्यादामा आँच आउने काम गरेको प्रमाणित भएमा, पार्टीको नाम, छाप, लेटरप्याड, सदस्यता रसिद वा पदको नाम बिना आधिकारिकता प्रयोग गरेमा वा कुनै पनि तरिकाले दुरुपयोग गरेमा पनि अनुशासनको उल्लंघन भएको मानिनेछ।

बिना आधिकारिकता (आधिकारिक समितिको निर्णय र आधिकारिक अनुमति बिना) कसैसँग सदस्यता शुल्क, चन्दा, लेवी वा अन्य आर्थिक लाभ उठाएमा वा पार्टी समितिको गोपनियता बदनियतले भंग गरेमा पनि अनुशासन उल्लंघन भएको मनिनेछ। पार्टीको जिम्मेबारीमा रहँदा पार्टीको निर्णय र निर्देशन विपरीत कार्य गरेमा, माथिल्लो समितिले दिएको निर्देशनलाई पटक-पटक अटेरी गरेमा वा लिएको जिम्मेवारी पटक-पटक पुरा गर्ने तत्परता न देखाएमा, पार्टीद्वारा सञ्चालित आन्दोलन र कार्यक्रमको विपक्षमा रहेमा वा विरोधीहरूसँग साँठगाँठ गरेमा, अनैतिक वा भ्रष्ट क्रियाकलाप गरेको प्रमाणित भएमा, पदीय आचरण वा पार्टी प्रतिष्ठाको विपरीत आर्थिक अनुशासनहीनता वा कुनै अन्य गतिविधिमा संलग्न भएको प्रमाणित भएमा वा पार्टीको विधान वा नियमावलीमा सदस्यहरूले पालन गर्नु पर्ने भनी उल्लेखित कर्तव्यको उल्लघंन गरेमा अनुशासनको उल्लंघन मानिने उपाध्यक्ष साहले बताउनुभयो।

## माओवादीलाई...

छोराछोरीलाई विदेश तथा महँगा स्कूलमा पढाउन थाले। यी सब कारणले आम शोषित पिडित जनताले पनि माओवादीको साथ छाड्न थाले। जनयुद्धको समयमा जसले बन्दुक उठाएर राज्यसँग लडे। जसले आफ्नो घरमा शरण दिए। जसले आफ्नो चुल्होमा भात पकाएर खुवाए। जसले आफ्नो घरमा लुकाएर राखे। आज उनीहरुको अवस्था कस्तो माओवादीका नेताहरुले एक पटक पनि खोज खबर गरेनन्। जसले माओवादीका साथमा आन्दोलन गरे, बन्दुक उठाए।

देशका लागि बलिदानी दिए तिनका छोराछोरीको अवस्था कस्तो छ ? माओवादीले एक पटक पनि सोध खोज गरेन। सिंहदरवार भन्दा बाहिर कहिले हेरेनन्। त्यही भएर त्यो माओवादी र यो माओवादीमा फरक देखिएको छ र माओवादीबाट मोह भंग हुँदै गइरहेको छ। त्यही भएर माओवादी अहिले सरकारबाट बाहिरिदा कोही दुखी छैन। अब माओवादीका लागि यो अन्तिम मौका हो। अब जनताका लागि सुध्रिनुपर्छ। र, मौकाको सदुपयोग गर्नुपर्छ।

**सामाजिक सञ्जालको रचनात्मक प्रयोग गरौं**

- सामाजिक सञ्जालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौं,
- सामाजिक सञ्जालमा आउने झुठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ,
- विश्वासनीय स्रोतबाट प्राप्त जानकारीलाई मात्र विश्वास गरौं,
- सामाजिक सञ्जालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्न गरौं,
- सामाजिक सञ्जाललाई सकारात्मक र रचनामत्मक रुपमा प्रयोग गरौं,
- सामाजिक सञ्जालको अत्याधिक प्रयोग मानसिक तथा शारीरिक समस्या देखापर्न सक्छ, सतर्क रहौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**




**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **मधेश प्रदेशका संयोजक** : भोला यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं.** : ९८४१४५८८०३, PAN : 609502305,
Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्रण** : पारू अफसेट प्रेस, डिल्लीबजार